का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ फागुन २०७८,
शुक्रबार
11 March 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २०, अंक ३४ । पृष्ठ १२
Madhyanha National Daily
www.madhyanhadaily.com

# ‘रङ’को राजनीति



निर्वाचनमा कुन दलको कस्तो एजेण्डा छ भनेर खोजिरहेका मतदाताले मतपत्रमा प्रयोग गर्ने रङको राजनीति देख्नुपरेको छ ।



■ प्रदीप ज्ञवाली
उपमहासचिव नेकपा एमाले

‘नेपाली कांग्रेसको चुनाव चिह्न रुख हो । रुख हरियो हुन्छ त्यसकारण मतपत्रमा हरियो रङ प्रयोग गर्नु ठीक छैन’



■ विश्व प्रकाश शर्मा
महामन्त्री नेपाली कांग्रेस

‘मतपत्रमा हरियो रङ देख्नेबित्तिकै तर्सिने हो भने मतपरिणाम देखेपछि के होला ? त्यसकारण मतपत्र हेरेर नतर्सिऔं । मत परिणाम हेरेर तर्सिनु पर्ने दिन आउला ।’



■ दिनेश थपलिया
प्रमुख आयुक्त, निर्वाचन आयोग

‘मतगणना गर्दा समस्या नआओस् भन्ने उद्देश्यले मात्र मतपत्रमा चुनाव चिह्न हरियो रङको बनाउन खोजिएको हो ।’

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ फागुन ।

फागुन २४ गते नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आगामी स्थानीय तहको निर्वाचनको मतपत्रमा प्रयोग हुने रङका विषयमा प्रश्न उठाए ।

त्यसपछि नेपालको राजनीति मतपत्रको रङमा केन्द्रित भएको छ ।

नेकपा एमालेका नेताहरु ओलीको भनाइ अनुसार मतपत्रमा हरियो रङ प्रयोग हुन नहुने बताइरहेका छन् । उनीहरुको तर्क छ- ‘नेपाली कांग्रेसको चुनाव चिह्न रुख हो । रुख हरियो हुन्छ त्यसकारण मतपत्रमा हरियो रङ प्रयोग गर्नु ठीक छैन ।’

एमाले उपमहासचिव प्रदिप ज्ञवाली थप्छन्, ‘निर्वाचन आयोगले मुख्य राजनीतिक दलहरुलाई जानकारी नदिई मतपत्रमा हरिया रङ प्रयोग गर्ने निर्णय गरेका कारण समस्या भएको हो ।’ तर ज्ञवाली अघिल्ला यसअघिका निर्वाचनमा पनि मतपत्रमा हरियो रङ प्रयोग भएकोमा बोल्न तयार छैनन् । ‘विषय अहिले उठेकाले विगतमा जानु उचित हुन्न’ ज्ञवालीको तर्कमाथि तर्क छ ।

उसो त नेपाली कांग्रेसका नेताहरुले पनि एमालेको खोइरो खन्ने विषय पाएको छ । कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा कम्युनिष्टहरु फुटेपछि हरियो रङ देखेर तर्सिन थालेको भन्दै निरन्तर व्यंग्य गरिरहेका छन् ।

एमाले अध्यक्ष केपी ओली पनि निरन्तर हरियो रङमाथि प्रश्न बर्साइरहेका छन् । मंगलबार काठमाडौंमा भएको कार्यक्रममार्फत मतपत्रमा प्रयोग हुने हरियो रङको चुनाव चिह्नमाथि प्रश्न उठाएका ओलीले बुधबार मोरङको रंगेली पुगेर ‘कांग्रेस बचाउनकै लागि निर्वाचन आयोगले मतपत्र हरियो बनाउन लागेको टिप्पणी गरे ।

यता निर्वाचन आयोगलाई मतपत्रमा हरियो रङ प्रयोग गर्नुको कारण दिएर हैरान भएको छ । प्रश्न उठेपछि आयोगले गणना गर्न सजिलो बनाउन चुनाव चिह्नको रङ हरियो रोजेको प्रष्टीकरण दिइरहेको छ ।

निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलिया भन्छन्, ‘निर्वाचन आयोगले मतगणना गर्दा समस्या नआओस् भन्ने उद्देश्यले मात्र मतपत्रमा चुनाव चिह्न हरियो रङको बनाउन खोजेको हो ।’

उनका अनुसार मतगणनामा सजिलो होस् भनेर चुनाव चिह्न र स्वस्तिक छापको रङ फरक पार्ने अभ्यास छ । आयोगका अधिकारीहरु कसैलाई द्विविधा भए प्रष्ट पार्न आयोग तत्पर रहेको बताइरहेका छन् ।

निर्वाचन आयोगले भने यसअघि पनि मतपत्रमा हरियो रङको चुनाव चिन्ह प्रयोग भएको बताएको छ ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेल आयोगले अघिल्लो चुनावमा जे थियो अगामी चुनावमा पनि सोही बमोजिम गर्न लागेको बताउँछन् ।

उनी भन्छन्, ‘यसअघिको चुनावमा कालो, रातो, हरियो विभिन्न रङका चुनाव चिह्न प्रयोग गरिएको थियो । आयोगले प्राविधिक रूपमा कुन रङको चुनाव चिह्न ठीक हुन्छ त्यसैलाई लागू गर्ने हो । यो विवाद झिकिराख्नु पर्ने विषय होइन ।’

प्रवक्ता पौडेलका अनुसार अब कुनै दलले विरोध गर्दैमा आयोग निर्णयबाट पछाडि हट्ने छैन ।

आयोगका अधिकारीहरुले मतपत्रमा प्रयोग हुने रङका विषयमा विवाद नचाहे पनि राजनीतिक दलहरुलाई भने मसला भएको छ ।

‘कम्युनिष्टले हरियो साग लिएर घर छिर्दा पनि कांग्रेस छिर्‍यो भन्न सक्ने’ भन्दै बुधबार टिप्पणी गरेका कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले बिहीबार पनि मतपत्रको रङबाट नतर्सिनु भनेर छेड हाने ।

महामन्त्री शर्मा भन्छन्, ‘मतपत्रमा हरियो रङ देख्नेबित्तिकै तर्सिने हो भने मतपरिणाम देखेपछि के होला ? त्यसकारण मतपत्र हेरेर नतर्सिऔं । मत परिणाम हेरेर तर्सिनु पर्ने दिन आउला ।’

राजनीतिक विश्लेषक विष्णु दाहाल एजेण्डा नभएपछि वा कमजोर एजेण्डा हुँदा मतपत्रको रङ कस्तो भन्ने विषयमा समेत दलहरुले राजनीति गर्दा रहेछन् भन्ने नयाँ उदाहरण नेपाली राजनीतिमा थपिएको बताउँछन् ।

उनी भन्छन्, ‘यो नेपाली राजनीतिको नमुना हो । जहाँ जनताकाबीचमा जाँदा के भन्ने योजना छैन, सिद्धान्त के हो थाहा छैन’ दाहाल भन्छन्, ‘एमाले आत्तिएको उदाहरण पनि हो ।’

नेकपा एमालेले एमसीसीमा प्रष्ट धारणा बनाउन सकेन र संसद विघटन गरेको आरोप

– बाँकी पृष्ठ २ मा

# ३७ दल आन्दोलित

आगामी स्थानीय तहको निर्वाचनमा दलीय चुनाव चिह्न नपाउने भएपछि विभिन्न ३७ वटा दल आन्दोलित भएका छन् । संघर्ष समिति नै गठन गरेर आन्दोलनमा होमिएका उनीहरु कानूनी उपचारका लागि अदालत जाने तयारीमा छन् ।



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २६ फागुन

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा दलीय चुनाव चिह्न माग्दै ३७ दल आन्दोलित भएका छन् ।

प्रचलित कानूनलाई देखाएर आफुहरुलाई दलीय चुनाव चिह्न नदिन ठूला दलहरु नै लागेको भन्दै उनीहरु ‘स्थानीय निर्वाचन चुनाव चिह्न संघर्ष समिति’ नै बनाएर आन्दोलिनत भएका हुन् ।

स्थानीय तह निर्वाचन ऐन २०७३ र राजनीतिक दल सम्बन्धी ऐन २०७३ ले स्थानीय तहको निर्वाचनमा राष्ट्रिय दलको मान्यता प्राप्त दलले मात्रै दलीय चुनाव चिह्न पाउने भनेको छ ।

स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा २६ मा स्थानीय तहको निर्वाचनका उम्मेद्वारलाई चुनाव चिह्न वितरण गर्ने सम्बन्धी व्यवस्था छ । जहाँ राष्ट्रिय दलको मान्यता प्राप्त दललाई मात्र दलीय चुनाव चिह्न दिइने व्यवस्था छ ।

ऐनको दफा २६ (६) मा भनिएको छ, ‘यस दफा बमोजिम निर्वाचन चिह्न वितरण गर्दा राजनीतिक दल सम्बन्धी प्रचलित संघीय कानून बमोजिम राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त गरेको दलको उम्मेदवारलाई मात्र सम्बन्धित दलको निर्वाचन चिह्न वितरण गरिनेछ ।’

‘ठूला दलहरुले स्थानीय तहमा साना दलको प्रभावलाई शून्यमा ल्याउने मनसाय राखेका छन् र सोही अनुसार विभेदकारी कानून बनाएर लादेका छन्’

■ दिपक उप्रेती
स्थानीय निर्वाचन चुनाव चिह्न संघर्ष समितिका सदस्य

राष्ट्रिय दलको मान्यता पाउने आधार सम्बन्धी व्यवस्था राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ५२ मा छ । जहाँ प्रतिनिधिसभा निर्वाचनमा समानुपातिकतर्फ ३ प्रतिशत र प्रत्यक्षतर्फ एक सिट जितेपछि राष्ट्रिय दलको मान्यता पाउने उल्लेख छ ।

यी दुई प्रचलित कानून अनुसार आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा ६ वटा राजनीतिक दलले मात्रै दलीय चुनाव चिन्ह पाउँछन् । ती दलहरु हुन - नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) पार्टी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी । यी ठुला पार्टीहरुलाई

– बाँकी पृष्ठ २ मा

## स्थानीय तह चुनाव

# ७९ दललाई मान्यता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ फागुन

निर्वाचन आयोगले आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचन प्रयोजनका लागि ७९ दललाई मान्यता दिएको छ ।

आयोगमा ८० वटा दलको निवेदन परेको थियो । त्यसमध्ये ७९ दललाई मात्रै आयोगले मान्यता दिएको हो ।

ऋषि कट्टेल नेतृत्वको नेकपाको निवेदन भने अस्वीकार भएको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार नेकपाको विवाद रहेकाले उसलाई मान्यता नदिने निर्णय भएको हो । आयोगमा १ सय १० दल दर्ता छन् । त्यसमध्ये स्थानीय तह निर्वाचनका लागि ८० दलले निवेदन दिएका थिए ।

# भिजिट भिसाको मापदण्डप्रति चौतर्फी असन्तुष्टी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ फागुन

वैदेशिक रोजगारीको आकांक्षासहित भिजिट भिसामा गएर अलपत्र पर्ने क्रमलाई रोक्ने उद्देश्य अनुरूप गृह मन्त्रालयद्वारा गठित कार्यदलले दिएको प्रतिवेदनमाथि गैरसरकारी क्षेत्रको असन्तुष्टि सार्वजनिक भएको छ ।

२८ संगठित सदस्य रहेको सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालले बिहीबार एक विज्ञप्ति जारी गर्दै कार्यदलको सिफारिस कार्यान्वयन गर्दा नेपालको संविधान र नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय सन्धि विपरीत हुने भन्दै कार्यदलको प्रतिवेदन कार्यान्वयन नगर्न गृह मन्त्रालयसमक्ष माग गरेको छ । कार्यदलले तयार पारेका सिफारिसले स्वतन्त्ररुपमा घुमफिर गर्न पाउने नागरिकको संवैधानिक अधिकारलाई कुण्ठित गर्ने सञ्जालको निष्कर्ष छ ।

भिजिट भिसामा जाने नेपालीका सम्बन्धमा कार्यदलले दिएका सिफरिसहरू नेपालको संविधान तथा नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि सम्झौतासमेतको विपरीत देखिएको भन्दै सञ्जालले सिफारिसका आधारमा हाललाई कुनै कदम नचाल्नसमेत अनुरोध गरेको छ ।

सञ्जालका महासचिव कृष्ण प्रसाद न्यौपानेद्वारा जारी विज्ञप्तिमा भनिएको छ, ‘भिजिट भिसा र त्यसबाट उत्पन्न भएका समस्या समाधानका लागि मन्त्रालयले गरेको अध्ययन प्रतिवेदनको सुझावमा मानिसको घुमफिर गर्न, एक देशबाट अर्को देशमा जान र रोजगार खोजी काम गर्न पाउने अधिकारलाई कुण्ठित गर्ने छ ।’

गृह मन्त्रालयका सहसचिवको नेतृत्वमा गठित कार्यदलले वार्षिक दश लाख आम्दानी र पाँच लाख बचत देखाउन सक्ने शैक्षिक तथा लैंगिक प्रावधानहरुका आधारमा विदेश जान पाउने व्यवस्था गर्नुपर्ने लगायतका सुझाव समेटिएको प्रतिवेदन मन्त्रालयलाई दिएको छ ।

वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनु पर्ने विषयमा आफ्नो पनि चासो रहेको भन्दै सञ्जालले भिजिट भिसाको नाममा गैरकानूनी काममा संलग्नहरुलाई कारबाही गर्न माग गरेको छ ।

**वैदेशिक रोजगार विशेष**

## नेपाल प्रवेश गर्नेले पीसीआर अथवा खोप कार्ड देखाए पुग्ने

**काठमाडौं/मस**– सरकारले वैदेशिक रोजगारबाट नेपाली श्रमिकसहित अन्य यात्रुलाई राहत पुग्ने गरी कोरोनासम्बन्धी नयाँ आदेश जारी गरेको छ । मन्त्रिपरिषद्को फागुन १६ गतेको निर्णय कार्यान्वयन गर्दै अध्यागमन विभागले कोरोना रोकथामका लागि यसअघि जारी भएका सबै प्रावधान खारेज गरेको जनाएको छ ।

नयाँ प्रवधान अनुसार विदेशबाट आउनेहरूले कोरोनाविरुद्धको खोप कार्ड या पीसीआर नेगेटिभ रिपोर्टमध्ये एउटा कागजात पेश गरे क्वारेन्टिन बस्नु नपर्ने भएको छ । नयाँ ट्राभल एड्भाइजरीले नेपाल भ्रमणमा आउने पर्यटकसहित वैदेशिक रोजगारीबाट स्वदेश फर्कनेहरूलाई लाभ पुग्ने बताइएको छ ।

अध्यागमन विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईले नयाँ नियमले वैदेशिक रोजगारीमा रहेर स्वदेश फर्कने नेपाली श्रमिक र पर्यटकलाई निकै सहज हुने भन्दै यसले पर्यटकको संख्या पनि बढ्ने अपेक्षा गरिएको बताएका छन् ।

# बस दुर्घटनामा १५ जनाको मृत्यु

**मध्यान्ह संवाददाता**
संखुवासभा, २६ फागुन

संखुवासभाको मादी नगरपालिका ६ मा बस दुर्घटना हुँदा १५ जनाको मृत्यु भएको छ । मादी-६ स्थित सातघुम्तीमा बा ४ ख ७३५ नम्बरको बस दुर्घटना हुँदा १५ जनाको मृत्यु भएको हो । घटनास्थलमा १४ जनाको र उपचारका क्रममा धरानमा एक जनाको गरी १५ जनाको मत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जानकारी दिएको छ ।

मृतक सबैको पहिचान खुलेको प्रहरीले जनाएको छ । मृत्यु हुनेमा ताप्लेजुङका ३१ वर्षीय समीक्षा योञ्जन र उनका छोरा आठ वर्षीय सुदीप घिसिङ, मादी-६ की ३० वर्षीया सीता विक रहेका छन् । सो घटनामा मादी-६ का ३८ वर्षीय इन्द्र अधिकारी, ३२ वर्षीया अञ्जना कटुवाल, तुलसा कटुवालकी छोरी पाँच वर्षीया दीक्षा कटुवाल, मादी-५ का ४८ वर्षीय दीपककुमार दाहाल, ५५ वर्षीय श्याम शेर्पा, ४९ वर्षीय भवानीप्रसाद दाहालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

त्यसैगरी मादी-४ का ३८ वर्षीय आइतबहादुर तामाङ, २८ वर्षीया सविता कार्की, सहचालक उमेश भट्टराई, तेह्रथुमको औंशीडाँडाका सवारी चालक बिपीन निरौला र मादी-४ का ६० वर्षीय बलबहादुर कार्कीको मृत्यु भएको छ । त्यस्तै मादी नगरपालिका-५ की ३० वर्षकी युका पोखरेलको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा मृत्यु भएको छ ।

बस सडकबाट करिब ३०० मिटर तल खसेको प्रहरीले जनाएको छ । तीव्रगतिका कारण मादीमा बस दुर्घटना भएको प्रहरीले जनाएको छ ।

बस दुर्घटनाका घाइते भएका चार जनाको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार जारी रहेको छ । घाइते डम्बरबहादुर कार्की, करिष्मा तामाङ, तुलसा कटुवाल र सुवास तामाङलाई नेपाली सेनाको हेलिकप्टरबाट उपचारका लागि धरान लगिएको थियो ।

**दुःख व्यक्त**

यसैबीच राष्ट्रपति विद्यादेवी भण्डारीले सवारी दुर्घटना घटाउनेतर्फ विशेष ध्यान दिन सम्बद्ध पक्षको ध्यानाकर्षण गराएका छन् । संखुवासभाको मादीमा भएको बस दुर्घटनामा १५ जना यात्रीको मृत्यु भएको खबरले आफू मर्माहत भएको बताउँदै राष्ट्रपतिले शोकाकूल परिवारजनमा हार्दिक समवेदना व्यक्त गरेकी छन् । साथै उनले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेकी छन् ।

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२७ फागुन २०७८, शुक्रबार
11 March 2022, Friday



## अलपत्र पछिको आशा

मनाङ ङिस्याङ गाउँपालिका सब्जे खोलामा राखिएको काठेपुल जीर्ण भएसँगै मनाङ ङिस्याङ गाउँपालिकाले आफैं निर्माण गर्दै । उक्त खोलामा रु दुई करोड लागतमा पक्की मोटरपुल निर्माण गर्ने जिम्मा पाएको द क्याराभान कन्सल्टेन्सीले काम अलपत्र बनाएपछि काठको पुल निर्माण गरिएको छ । यस पुलले माथिल्लो मनाङलाई सवारी आवगमनमा सहज बनाएको छ ।

*तस्वीर : नवीन लामिछाने/रासस*

# सातै प्रदेशमा मेडिकल कलेज खोल्ने प्रस्ताव मन्त्रिपरिषद्मा

**काठमाडौं/मस–** सातै प्रदेशमा प्रदेशस्तरीय मेडिकल कलेज खोल्ने प्रस्ताव मन्त्रिपरिषद्मा लगिएको छ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले उक्त प्रस्ताव मन्त्रिपरिषद्मा लगेका हुन् ।

नागरिकको स्वास्थ्य सम्बन्धी संवैधानिक अधिकार सुनिश्चता लागि संघीय संरचना अनुरुप केन्द्र र प्रदेश तहमा प्रत्येक नागरिकले सहज रुपमा गुणस्तरीय सेवा प्राप्त गर्न सक्ने व्यवस्था सुनिश्चिताका लागि प्रदेश ७ प्रदेशमा मेडिकल कलेज स्थापना तथा सञ्चालनका लागि प्रस्ताव मन्त्रिपरिषद्मा लगिएको शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले जानकारी दिए ।

'मुलुकका सबै नागरिकका लागि विशिष्टकृत स्वास्थ्य शिक्षा र सेवाको उपलब्धता सन्तुलित रुपमा मुलुकका विभिन्न स्थानमा उपलब्ध गराई स्वास्थ्य सेवाको वितरणमा प्रादेशिक सन्तुलन कायम गर्ने प्रदेशगत रुपमा कम्तिमा एक मुख्य मेडिकल कलेज वा प्रतिष्ठान स्थापना तथा सञ्चालन सम्बन्धि सैद्धान्तिक सहमतिका लागि लगिएको हो,' मन्त्री पौडेलले भने, 'अन्तिम रुप दिन समितिमा पठाइएको छ ।'



प्रस्ताव पास भएप्रदेशमा रहेका सरकारी अस्पताललाई स्तरनोन्नति एवम् नयाँ मेडिकल कलेज स्थापना हुनेछन् । 'बजेटको सुनिश्चताको विषयमा छलफल भयो, मन्त्री पौडेलले भने,'थप छलफल पछि प्रक्रिया अघि बढ्छ ।'

यसअघि भएका निर्णयको विषय थप छलफल गरी बढ्ने मन्त्री पौडेलको भनाइ छ ।

संस्कृत विश्वविद्यालयलाई प्रविधिमैत्री बनाउनुपर्छ

यसैबीच शिक्षामन्त्री पौडेलले सूचना प्रविधिको अधिकतम प्रयोगसँगै संस्कृत विश्वविद्यालयलाई अगाडि बढाउनुपर्ने बताएका छन् ।

नेपाल संस्कृत विश्वविद्यालयको ७४ औं सभालाई बिहीबार यहाँ सम्बोधन गर्दै मन्त्री पौडेलले प्रविधिको प्रयोगसँगै सो विश्वविद्यालयले नवीन शैली र सोचका कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिए ।

सूचना प्रविधिका नवीन उपलब्धिलाई आत्मसात् गर्दै विश्वविद्यालयको हितमा सार्थक उपयोग गर्नुपर्ने उनको भनाइ थियो । सन् २०२४ मा अन्तर्राष्ट्रिय संस्कृत सम्मेलन आयोजना गर्ने संस्कृत विश्वविद्यालयको योजनामा आफू सकारात्मक रहेको भन्दै उनले कोरोनाका समयमा शिक्षा क्षेत्रलाई पाठ सिक्नुपर्ने र शिक्षाको परम्परागत शैली र संरचनालाई पुनःसंरचना गर्नुपर्ने बताए ।

'अध्ययन/अध्यापनका नवीन विकल्प खोज्दै जानुपर्ने भएको छ, अब विश्वविद्यालय मौलिक स्वास्थ्य पद्धतिका रूपमा रहेका आयुर्वेद, योग विज्ञान र प्राकृतिक चिकित्साका साथै खोज, अनुसन्धान र संरक्षणमा क्रियाशील रहनुपर्ने आवश्यकता भएको छ' उनले भने ।

# 'भूमि आयोगको मान्छे हुँ' भन्दै ठगी गर्ने दुईजना पक्राउ

**काठमाडौं/मस–** 'भूमि आयोगको मान्छे हुँ' भन्दै ठगी गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीका अनुसार ठगी गर्नेमा झापाको भद्रपुर घर भई काठमाडौंको टोखा बस्ने ३८ वर्षका होमनारायण चौधरी र काठमाडौं बूढानीलकण्ठ नगरपालिका-४ बस्ने ४४ वर्षका उद्धव भण्डारी संलग्न रहेको पाइएको छ

महानगरीय प्रहरी परिसर काठमाडौंका अनुसार काठमाडौं महानगरपालिका-१६ स्थित भेटघाट क्याफेमा दुई व्यक्ति मिलेर सुकुम्वासीलाई जग्गा वितरण गर्ने लोभ देखाउँदै फारम भर्न लगाई पैसा असुल गरेको पाइएको हो ।

अनुसन्धानका क्रममा आफूलाई भूमि आयोगले खटाएका व्यक्ति हौं भनी परिचय गराई काठमाडौंमा सुकुम्वासीले चार आना जग्गा प्राप्त गर्न जनही रु ५० हजार लाग्ने भनी फारम भर्न लगाई ठगी गरेका पाइएको प्रहरीले जनाएको छ ।

उनीहरुको साथबाट ल्यापटप, प्रिन्टर, भूमिहीन (भूमिहीन दलित, भूमिहीन सुकुम्बासीले भर्ने निवेदन फारम लेखिएको), अव्यवस्थित बसोवासीले दिने निवेदनको ढाँचा लेखिएको फारम, विभिन्न व्यक्तिको नाम तथा फोटोसमेत राखिएका रेकर्ड फाइललगायतका सामग्री बरामद गरिएको परिसरका प्रवक्ता प्रहरी उपरीक्षक दिनेशराज मैनालीले जानकारी दिए ।

प्रहरीका अनुसार उनीहरुलाई सरकारी वकिलमार्फत काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरिएकामा आदालतको आदेशले दुवै जना पुर्पक्षका लागि कारागार चलान गरिएको जनाएको छ ।

# न्यायिक सुधार गर्न कार्यदल गठन




**काठमाडौं/मस–** कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले संविधानको भावनाअनुरुप न्याय सम्पादन छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने उद्देश्यले न्यायिक सुधार गर्न कार्यदल गठन गरेको छ ।

मन्त्रालयले नयाँ कानून निर्माण गर्नुपर्ने वा विद्यमान न्याय प्रशासनसँग सम्बन्धित कानून संशोधन गर्नुपर्ने भए सो समेतको मस्यौदासहितको अध्ययन प्रतिवेदन १० दिनभित्र पेश गर्ने मन्त्रालयका सहसचिवको संयोजकत्वमा कार्यदल गठन गरेको हो ।

कार्यदलमा सर्वोच्च अदालत, महान्याधिवक्ताको कार्यालय, न्यायपरिषद्, नेपाल कानून आयोग र नेपाल बार एशोसिएसनको प्रतिनिधि रहनेगरी मन्त्रिस्तरीय निर्णय भएको मन्त्रालयका सहायक प्रवक्ता कमलराज गौतमले जानकारी दिए ।

अदालतको कार्यबोझ घटाउने र लामो समयसम्म मुद्दा विचाराधीन रहने अवस्थामा सुधार गरी न्याय सम्पादनलाई पूर्वअनुमान योग्य बनाई संविधानले सुनिश्चित गरेको न्यायसम्बन्धी हकलाई कार्यान्वयन गर्नेसमेत प्रयोजन रहेको मन्त्रालयले जनाएको छ । त्यसका लागि न्यायिक सुधार सम्बन्धमा हालसम्म विभिन्न प्रतिवेदनले दिएका सुझावसमेत विचार गरी नयाँ कानून निर्माण गर्नुपर्ने वा विद्यमान कानून संशोधन गरिनेछ ।

# राष्ट्रपतिसँग फ्रान्सेली प्रतिनिधिमण्डलको शिष्टाचार भेट

**काठमाडौं/मस–** नेपाल-फ्रान्स सम्बन्धलाई थप प्रगाढ बनाउने उद्देश्यले नेपालको पाँच दिने औपचारिक भ्रमणमा रहेको फ्रान्सेली प्रतिनिधिसभाको फ्रान्स-नेपाल मैत्री समूहका अध्यक्ष भेरोनिक रियोतौं नेतृत्वको प्रतिनिधिमण्डलले राष्ट्रपति विद्यादेवी भण्डारीसँग शिष्टाचार भेट गरेको छ ।



राष्ट्रपति कार्यालय, महाराजगञ्जमा बिहीबार अपराह्न भएको उक्त भेटमा दुवै पक्षले पारस्परिक हित र चासोका विविध विषयका साथै आपसी सम्बन्धलाई अझ सुदृढ तुल्याउने बारेमा विचारविमर्श गरेको थियो ।

दुवै पक्षाबीच महिला सशक्तीकरण, जलवायु परिवर्तनका दुष्प्रभावका कारण विश्वले झेल्नु परेका समस्या, राजनीतिक तहमा नेपालमा महिलाको सक्रिय एवं सशक्त भूमिकाका निम्ति भएका प्रयास, संविधानले गरेका व्यवस्था, नारी स्वतन्त्रता तथा समानताबारे छलफल भएको थियो ।

राष्ट्रपति भण्डारीले सात दशकभन्दा लामो नेपाल-फ्रान्स मैत्रीलाई सुदृढ बनाउन संसदीय मैत्री समूहले गरेको योगदानको सराहना गरेकी थिइन् । पारस्परिक सद्भाव र समझदारीमा आधारित नेपाल र फ्रान्सबीचको सम्बन्ध उच्चस्तरीय भ्रमणको आदान-प्रदानबाट अझ प्रगाढ हुने विश्वास राष्ट्रपतिले व्यक्त गरेकी थिइन् ।

अध्यक्ष रियोतौंले दिगो विकास र कृषि क्षेत्रमा फ्रान्स र नेपालबीच सहयोग सुदृढ तुल्याउने आफ्ना चाहना अभिव्यक्त गरेका थिए ।

भेटमा अध्यक्ष रियोतौंका साथ समूहका उपाध्यक्षद्वय निकोलस फोरिसियर र ग्राजिएला मेल्चियर तथा नेपालका लागि फ्रान्सका राजदूत जिल बुरबाओको पनि उपस्थिति थियो । साथै राष्ट्रपतिको कार्यालय र परराष्ट्र मन्त्रालयका उच्च अधिकारीहरू पनि बैठकमा सहभागी थिए ।

# नक्कली बैंक ग्यारेन्टी बनाउनेविरुद्ध मुद्दा

**काठमाडौं/मस–** जनताको सुविधाका लागि विकास निर्माणको काम गरिन्छ । सरकारको नियम अनुसार प्रतिस्पर्धाका आधारमा निर्माण व्यवसायी छनौट गरिन्छ । व्यवसायी छनौट भएपछि कामका लागि बैंक ग्यारेन्टी राखिन्छ । त्यसको आफ्नै महत्व र अर्थ छ ।

सोही बैंक ग्यारेन्टीलाई समेत नक्कली बनाएर राज्यको ऐन, कानून र नियमको धज्जी कोही कसैले उडाउने प्रयास गर्छ भने त्यसलाई तपाई के भन्नुहुन्छ ? भएको यस्तै छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीबार विशेष अदालतमा दायर गरिएको मुद्दाको विवरणले त्यस्तै गैरकानूनी कार्यको फेहरिस्त सार्वजनिक गरिदिएको छ ।



सडक कार्यालय दाङ अन्तर्गतको ठेक्कामा पेश्की लिन मिलेमतो गरेको, सम्बन्धित निर्माण व्यवसायी विटी/टौदह/फस्कु जेभी काठमाडौंले पेश गरेको बैंक जमानत नक्कली भएको आयोगले उल्लेख गरेको छ ।

मध्यपश्चिम सडक डिभिजन कार्यालय नं २ दाङ घोराही र बोलपत्रदाता विटी/टौदह/फस्कु जेभीबीच भएको सम्झौता अनुसारको सोनापुर सिमेन्ट कारखाना सडक निर्माणमा राष्ट्रिय वाणिज्य बैंक, जुम्लाका तत्कालीन शाखा प्रबन्धक रामजनक चौधरीले उपलब्ध गराएको कागजात नक्कली रहेको पाइएको छ । नक्कली कागजात बनाउने प्रबन्धक चौधरी विरुद्ध आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर अनुसार मागदाबी गरिएको छ । सो निर्माण व्यवसायीका तर्फबाट तत्कालीन बिटीका निर्देशक माधवप्रसाद भण्डारी, फस्कु निर्माण सेवाका सञ्चालक अर्जुनबहादुर बुढाथोकी र टौदहका प्रतिनिधि पुन्नबहादुर शाही विरुद्ध पनि आयोगले मुद्दा दायर गरेको आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए ।

# नेपाल ट्रक यातायात व्यवसायी महासंघले बुझायो ज्ञापनपत्र

**काठमाडौं/मस–** नेपाल ट्रक यातायात व्यवसायी महासंघले ढुवानी व्यवसायका समस्याका विषयमा यातायात व्यवस्था विभागका महानिर्देशक नमराज घिमिरेलाई ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्रमा पेट्रोलियम पदार्थको मूल्यवृद्धिका आधारमा ढुवानी सवारीसाधनमा भाडा समायोजन हुनुपर्ने, कानुनले निर्धारण गरेका भारवहन क्षमतालाई कडाइका साथ कार्यान्वयन गरिनुपर्ने, भारतीय सवारीसाधन विशेषगरी ट्रकको निर्वाध नेपालमा आवागमनलाई कडाइ गरिनुपर्ने, नेपालबाट भरततर्फको पेट्रोलियम पदार्थ तस्करी रोकिनुपर्ने र भारतीय सीमाक्षेत्रका थोत्रा ट्रक व्यवस्थापनमा गरिनुपर्ने छन् ।



विभागका महानिर्देशक घिमिरेलाई महासंघका महासचिव राजेन्द्रविक्रम बानियाँले बिहीबार ज्ञापनपत्र हस्तान्तरण गरे । सो अवसरमा महासंघका महासचिव बानियाँले विभागले सात दिनभित्र आफ्ना माग पूरा गर्न आग्रह गरे । उनले भने, 'छोटो अवधिमा पेट्रोलियम पदार्थको पटक-पटकको मूल्यवृद्धि भएको छ । यसबाट ढुवानीमा समस्या हुँदै आएको छ । मूल्यवृद्धिका आधारमा भाडादर समायोजन हुनुपर्छ ।' उनले भारतमा निश्चित समयसम्म सञ्चालन भई थोत्रिएका ट्रक नेपाली सीमाक्षेत्रमा ल्याइ सञ्चालन गर्ने प्रवृत्ति तत्काल रोक्न पनि सरकारसँग माग गरे ।

# अवरुद्ध डुम्रे-बेसिशहर सडकखण्ड सञ्चालनमा

**जनक श्रेष्ठ/मध्यान्ह**
तनहुँ, २६ फागुन

पृथ्वीराजमार्गअन्तर्गत अवरुद्ध डुम्रे-बेसिशहर सडक खण्ड सञ्चालनमा आएपछि यहाँको जनजीवन सहज बन्दैछ ।

विगत दुई दिनदेखि अवरुद्ध सो सडकखण्ड बिहीबार बिहानदेखि सञ्चालनमा आएपछि यहाँको जनजीवन सहज बन्दै गएको हो । लमजुङस्थित मर्स्याङ्दी नदीमा डुबेर मृत्यु भएको विद्यार्थीको विषयलाई लिएर तनहुँ बाइसजागर बजारका स्थानीयवासीले टायर बालेर सो सडकखण्ड अवरुद्ध गरेका थिए । लमजुङतर्फ जारी निषेधाज्ञाका कारण यस खण्डमा ठप्प रहेको यातयात सेवा आज बिहानबाट सञ्चालन आएको हो ।

राति ९ बजेदेखि नै निषेधाज्ञा हटेपनि सवारीसाधन भने बिहीबार बिहानबाट मात्र सञ्चालनमा आएको बताइएको छ । तनावग्रस्त परिस्थितिलाई सामान्य बनाउने, कानुन अनुसार अघि बढ्ने र निषेधाज्ञा तथा विरोध प्रदर्शन नगर्ने लगायतका विषयमा पीडितपक्षसँग सहमति भएसँगै जिल्ला प्रशासन कार्यालय लमजुङद्वारा बुधबार बिहान ६ बजेदेखि जारी निषेधाज्ञा साँझ ९ बजे हटाएसँगै बिहीबार बिहानदेखि सवारी सञ्चालनमा आएको प्रमुख जिल्ला अधिकारी सुशील वैद्यले बताए ।



जिल्ला प्रशासन कार्यालय लमजुङले लमजुङ तनहुँको सिमाना पाउँदी बजारदेखि सिउडीबारसम्म निषेधाज्ञा जारी गरेपछि मृतकका आफन्त तथा पक्षधारहरुले विभिन्न माग राख्दै उक्त स्थानमा विरोध प्रदर्शन गरेपछि यातायत ठप्प हुँदा यात्रु मर्कामा परेका थिए । जिल्लाको सुन्दरबजार नगरपालिका-९ स्थित मर्स्याङ्दी नदीमा मंगलबार पौडी खेल्ने क्रममा फ्यूचर स्टार आवासीय माध्यमिक विद्यालयमा कक्षा १० मा अध्यनरत् तनहुं भानु नगरपालिका-९ घर भएका १७ वर्षीय सनिज श्रेष्ठको मृत्यु भएको थियो ।

छात्रवासमा बसेका श्रेष्ठको आफन्तलाई जानकारी नै नदिइ छात्रवास बाहिर पौडी खेल्न पठाएको, आफन्तलाई थाहा नै नगरी शव लगेको, विद्यालयका संस्थापक बाबुराम पौडेल, मृतक श्रेष्ठसँगै पौडी खेल्न गएका विद्यालयका शिक्षक र अर्का विद्यार्थीमाथि छानबिन हुनुपर्ने माग गर्दै स्थानीयवासीको विरोध प्रदर्शनका कारण सो सडक अवरुद्ध भएको थियो ।

जिल्ला प्रशासन कार्यालयका अनुसार मृतक विद्यार्थीसँगै गएका शिक्षक सरोज ओलिया र सविन गुरुङलाई प्रहरीले नियन्त्रमा लिएको छ । सुक्षम तरिकाले अनुसन्धान हुने, प्रहरीमा लिखित जाहेरी दिने, शवको परीक्षण गर्नेलगायत पीडित पक्षसँग सहमति भएपछि अवरुद्ध सडक सञ्चालनमा आएको छ । मृतकको शव परीक्षणका लागि जिल्ला अस्पताल लमजुङमा राखिएको छ ।

### "रङ्ग"को ....

खेपिरहेका कारण जनमत नपाउँला कि भन्ने मनोविज्ञानबाट रङ्गको राजनीतिमा एमाले होमिएको उनको बुझाई छ । यसमा रमाइलोका रुपमा कांग्रेस सांसदहरु पनि बहसमा सामेल भएको र यसले पनि भोट बढ्न सक्ने आंकलन गरेर कांग्रेस मतपत्रमा प्रयोग हुने रङ्गको राजनीतिमा सामेल भएको उनको बुझाई छ । चुनाव नजिकिँदै गर्दा निर्वाचन आयोगले ल्याएको प्रस्तावमा एमालेले अनावश्यक विवाद सिर्जना गरेको विश्लेषक दाहालको विश्लेषण छ ।

### ३७ दल ...

गुर्हादा पनि माग सम्बोधन गर्न तयार नभएपछि साना दलहरु आन्दोलित भएका छन् । र उनीहरुले साना दलको प्रभाव शून्यमा झार्ने प्रयास भएको ठहर गरेका छन् ।

'...साना दलले आफ्नो चिह्नलाई परिचित बनाउन अगाडि गरेका गतिविधिहरुको प्रभावलाई स्थानीय निर्वाचनका क्रममा शून्यमा ल्याउने अवस्था आउने देखियो' बिहीबार ३७ वटा दलको तर्फबाट जारी विज्ञप्तिमा उल्लेख छ ।

राष्ट्रिय दलको मान्यता नपाएका दलहरुलाई दलीय चुनाव चिह्न नदिनु संविधानको धारा ७४ मा उल्लिखित शासन प्रणाली 'बहुदलीय प्रतिस्पर्धात्मक' रहेको भनी गरिएको व्यवस्था वपरित भएको उनीहरुको ठहर छ । र निर्वाचन आयोगले परिकल्पना गरेको 'स्वतन्त्र र निष्पक्ष' निर्वाचन विपरीत रहेको भन्दै उनहरुले आन्दोलन गर्ने चेतावनी दिएका हुन् ।

स्थानीय निर्वाचन चुनाव चिह्न संघर्ष समितिका सदस्य दिपक उप्रेती आफुहरुको माग सुनुवाइ नभएकाले अब कानूनी उपचारको लागि सर्वोच्च अदालत रिट लिएर जाने तयारी रहेको बताए ।

उप्रेती भन्छन्, 'ठूला दलहरुले स्थानीय तहमा साना दलको प्रभावलाई क्रममा शून्यमा ल्याउने मनसाय राखेका छन् र सोही अनुसार विभेदकारी कानून बनाएर लादेका छन् ।

अदालतमा रिट र संसदमा रहेका दलका प्रमुखहरुलाई भेटेटेर विभेदकारी ऐनको व्यवस्थालाई संशोधन गर्न ध्यानाकर्षण गराउने तथा देशव्यापी रुपमा विरोधका कार्यक्रमहरू सञ्चालन गर्ने योजना पनि उनले सुनाए ।

### बस ....

त्यस्तै उपराष्ट्रपति नन्दबहादुर पुनले पनि दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गरेका छन् । बस दुर्घटना हुँदा ज्यान गुमाएकाहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दै उपराष्ट्रपति पुनले शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गरेका छन् । उपराष्ट्रपतिले घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उचित उपचारका लागि सरकारको ध्यानाकर्षण गराएका छन् ।

यस्तै प्रधानमन्त्री शेरबहादुर देउवाले पनि दुर्घटनाप्रति दुःख व्यक्त गरेका छन् । दुर्घटनामा ज्यान गुमाएकाहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दै प्रधानमन्त्री देउवाले घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन् ।

## "म्यादी प्रहरी माग गरिएको छैन"

**काठमाडौं/मस–** स्थानीय तह निर्वाचनका लागि म्यादी प्रहरीसम्बन्धी सूचना प्रकाशित/प्रसारित नगरिएको नेपाल प्रहरीले स्पष्ट पारेको छ ।

निर्वाचनमा आवश्यक पर्ने अस्थायी सुरक्षाकर्मी (म्यादी प्रहरी) भर्नासम्बन्धी सूचना जारी भएको भनी सामाजिक सञ्जालमा राखिएको पाइएको उल्लेख गर्दै प्रहरी प्रधान कार्यालयले बिहीबार एक विज्ञप्ति जारी गरी हालसम्म यस्तो सूचना प्रकाशित/प्रसारित नगरिएको जानकारी गराएको छ ।

आवश्यक पर्ने म्यादी प्रहरीका सम्बन्धमा नेपाल प्रहरीको वेबसाइट र सार्वजनिक सञ्चार माध्यमबाट भविष्यमा प्रकाशित हुने प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक विष्णुकुमार केसीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# सर्वोच्चको न्यायाधीशमा श्रेष्ठ सिफारिस

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ फागुन

उच्च अदालत विराटनगरका मुख्य न्यायाधीश तिलप्रसाद श्रेष्ठलाई सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस भएका छन ।

न्याय परिषद्को बिहीबार बसेको बैठकले उच्च अदालत विराटनगरका मुख्य न्यायाधीश श्रेष्ठलाई सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस गर्ने निर्णय गरेको हो ।

बैठकले सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार लालबहादुर कुँवरलाई पाटन उच्च अदालतको न्यायाधीशमा सिफारिस गरेको न्याय परिषद्का प्रवक्ता मानबहादुर कार्कीले जानकारी दिए ।



## अवसर र लाभको बहानामा ठगी: गृहद्वारा सूचना उपलब्ध गराउन अनुरोध

**काठमाडौँ/मस–** गृह मन्त्रालयले पछिल्लो समयमा विभिन्न व्यक्ति तथा समूहले अवसर र लाभ उपलब्ध गराउने बहानामा गैरकानूनी काम गरी ठगी गरेको पाइएकाले त्यस्ता प्रकारका ठगीबाट जोगिन सर्वसाधारणमा आग्रह गरेको छ । मन्त्रालयले बिहीबार एक विज्ञप्ति जारी गरी त्यस्ता गतिविधि नगर्न/नगराउन र अन्य व्यक्ति, समूह, आफन्त, साथीभाइसमेतलाई सचेत गराउन आह्वान गरेको हो ।




त्यस्ता गतिविधि भएको कुनै सूचना प्राप्त भएमा तत्काल नजिकको जिल्ला प्रशासन कार्यालय वा प्रहरी एकाइमा जानकारी गराउन पनि मन्त्रालयले सर्वसाधारणमा अनुरोध गरेको छ। त्यस्ता गैरकानूनी कार्य गरेको पाइएमा कानूनबजोजिम कारबाही हुने चेतावनीसमेत दिइएको छ ।

मन्त्रालयले जारी गरेको विज्ञप्तिमा रोजगारी र काममा लगाउने भनी लोभ देखाउने, नियुक्ति पदस्थापन सरुवा बढुवा गराउने, भर्ना, छात्रवृत्ति वा अध्ययनका लागि अवसर उपलब्ध गराउन आश्वासन दिने, जग्गा र घडेरी उपलब्ध गराउने भनी लोभ देखाउने, उपचार वा अन्य आर्थिक सहायता उपलब्ध गराउने, अनलाइनबाट चिट्ठा वा अन्य लाभका लागि प्रोत्साहन गर्ने, अनलाइनमा लगानी गर्न वा त्यसबाट आर्थिक आर्जन हुने भनी दुरुत्साहन गर्ने क्रियाकलापप्रति सचेत हुने भनेको छ ।

यस्तै मन्त्रालयले डिजिटल मुद्रामा लगानी गर्न लोभ देखाउने, विशिष्ट व्यक्तिसँग भेटघाट तथा सम्पर्क गराउन तथा रोकिएका काम वा मुद्दा मामिलाबाट उन्मुक्ति दिलाउने भनी लोभ देखाउने, ठेक्कापट्टा वा अन्य व्यावसायिक अवसर दिलाउने भनी लोभ देखाउने गरेको थाहा पाएमा पनि सूचना दिन आग्रह गरेको छ ।

मन्त्रालयद्वारा जारी विज्ञप्तिमा कम रकमको कारोबारमा बढी रकमको कागज बनाई सही गर्न लगाउने, ढुकुटी खेल्ने खेलाउने, अनलाइनमार्फत अवैधरूपमा गतिविधि गर्ने, मिटर ब्याजमा रकम उपलब्ध गराउने, बैंकिङ प्रणालीभन्दा बाहिरबाट मुद्रा पठाउने वा मगाउने जस्ता क्रियाकलाप पनि गैरकानूनी भएकाले सचेत हुन आग्रह गरिएको छ ।

## ‘हात्तीपाईले रोग निर्मूल गर्न सबै एकजुट हुन आवश्यक’

**अजय मिश्र/कपिलवस्तु**
कृष्णनगर, २६ फागुन

कपिलवस्तुको कृष्णनगर नगरपालिका वडा नं ३ मा रहेको हेल्थ पोष्ट कृष्णनगरमा राष्ट्रिय हात्तीपाईले रोगविरूद्ध मुस्लिम धर्मगुरुहरूबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



कृष्णनगर नगरपालिकाका नगर प्रमुख रजत प्रताप शाहको अध्यक्षतामा भएको कार्यक्रममा फेयर मेडका परियोजना संयोजक शशी लाल कर्ण र आधारभूत स्वास्थ्य परियोजना कार्यक्रमका सामाजिक परिचालक अनेक पाण्डेयले फलेरियाको परिचय, रोगको लक्षण, रोगबाट हुने समस्या, समाधानका उपाय लगायतको बारेमा प्रशिक्षण दिएका थिए । कार्यक्रममा बोल्दै नगर प्रमुख शाहले यो अभियान सबै मिलेर सफल पार्नुपर्ने र गर्भवती महिला तथा दुई वर्ष भन्दा कमका बाल बालिका बाहेक हरेक व्यक्तिले फलेरियाको औषधि खाने र सबैलाई यस रोगबाट बचाउने कार्य गर्नुपर्ने बताए ।

कार्यक्रममा सहभागिहरूका तर्फबाट बोल्दै लुम्बिनी प्रदेश मदरसा बोर्ड उपाध्यक्ष मौलाना मशहूद खां नेपालीले फलेरिया रोग सबै मिलेर निर्मूल गर्नुपर्ने, यहि फागुन २८ गतेबाट हात्तीपाईले रोगविरूद्धको अभियान सफल बनाउन सहभागीसँग आग्रह गर्दै आ-आफ्नो स्तरबाट सबैले यस रोगबारे सचेतना जगाउनुपर्ने बताए । कार्यक्रममा राष्ट्रिय मदरसा संघ नेपालका अध्यक्ष डा. अब्दुल गनि अल्कुफी, जहिर अहमद बरेलवी लगायत मुस्लिम धर्मगुरु, पत्रकारहरूको सहभागिता रहेको थियो । कार्यक्रममा फेयर मेडका परियोजना संयोजक शशी लाल कर्णलाई दोसल्ला ओढाई सम्मान समेत गरिएको थियो ।

## काभ्रेमा ‘एक घर, एक धारा’, स्थानीय खुसी

**काभ्रेपलाञ्चोक/मस–** काभ्रेपलाञ्चोकको डाँडापारि महाभारत गाउँपालिका-६ का घ्याब्रिङ र बालखोपका बासिन्दालाई धारा वितरण गरिएको छ ।



बागमती प्रदेश सरकारको प्रदेश विशेष अनुदान र गाउँपालिकाको साझेदारीबाट ५३ घर परिवार र एक विद्यालयलाई ‘एक घर, एक धारा’ खानेपानी वितरण गरिएको हो। खानेपानी वितरण गरेपछि उक्त स्थानका ३८० बासिन्दाले खानेपानी उपभोग गर्न पाएका छन् ।

वडाध्यक्ष रमेश लुङ्गेलीले खानेपानीको समस्या झेल्दै आएको सो ठाउँका लागि प्रदेश सरकार र गाउँपालिकाको सहयोगमा खानेपानीको व्यवस्था गरिदिएपछि स्थानीयवासीमा थप खुसी छाएको बताए ।

विगतमा सामूहिक धारा हुँदा एकैपटक धेरै जना पानी थाप्नका लागि जम्मा हुँदा विवाद झेल्नुपर्ने अवस्था रहेकोमा अब ‘ एक घर, एक धारा’ले त्यसको अन्त्य भएको बताए ।

उक्त आयोजना सम्पन्न गर्नका लागि रु ४६ लाख ५० हजार ५०० को लागतमा मुख्य पाइपलाइन र वितरण पाइप लाइन गरी करिब ११ किलोमिटर पाइपलाइन बिछ्याएर खानेपानी धारा वितरण गरिएको सब-इन्जिनियर प्रकाश खड्काले बताए ।

गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले मानिसको जीवनसँग सम्बन्धित रहेको खानेपानी आयोजना सम्पन्न गर्नको लागि प्राप्त बजेटले बालखोपका स्थानीयवासीलाई लाभान्वित बनाउन सफल भएको बताए ।

बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव धनिराम शर्माले दुर्गम गाउँपालिकाको विकट गाउँका बासिन्दालाई प्रदेश सरकारको साझेदारीमा खानेपानी उपलब्ध गराएको बताए ।

## शैल्यशिखर ६ ग्वानीमा कांग्रेस भेला सम्पन्न, टोलमै ५४ जनाले गरे कांग्रेस प्रवेश

**गणेश सिंह धीमी/मध्यान्ह**
दार्चुला, २६ फागुन



दार्चुलाको शैल्यशिखर नगरपालिका वडा न ६ को ग्वानीमा टोल भेला सम्पन्न भएको छ। टोल सभापति धनबीर सिंह धामीको सभापतित्वमा भएको टोल भेला कार्यक्रममा नेपाली कांग्रेस दार्चुलाका पूर्व उपसभापति तथा शैल्यशिखर नगरपालिकाका नगर प्रमुख अमर सिंह धामी प्रमुख अतिथि रहेका थिए भने बिशिष्ठ अतिथिमा नेपाली कांग्रेस शैल्यशिखर नगर कार्यसमितिका सभापति मोहन सिह साउद, नेपाली कांग्रेस जिल्ला कार्यसमिति सदस्य एवं शैल्यशिखर नगरपालिका कार्यपालिका सदस्य सन्जा देवी धामी, वडा न ६ का वडा सभापति राजेन्द्र सिंह धामी र शैल्यशिखर वडा न ६ का वडा अध्यक्ष गोपाल सिंह धामी रहेका थिए ।

उक्त टोल भेला कार्यक्रममा नेकपा एमाले परित्याग गरी ४७ जना र नेकपा माओवादी परित्याग गरी ७ जनाले नेपाली कांग्रेस प्रवेश गरेको टोल सभापति धनबीर सिंह धामीले मध्यान्हलाई जानकारी दिए ।

नेकपा एमाले परित्याग गरेर कांग्रेस प्रवेश गर्नेहरुमा करन सिंह धामी, कृष्णा धामी, पार्वती देवी धामी, लक्ष्मी धामी, कल्मा देबी धामी, इन्द्र धामी, विशन धामी, राजेन्द्र सिंह धामी, विजय सिंह धामी, श्याम सिंह धामी, पुष्कर सिंह धामी, अर्जुन सिंह धामी, मोती देवी धामी, पदम सिह धामी , धने सिह धामी, कल्यान सिह धामी, सुन्दर सिह धामी, दिलेन्द्र सिह धामी, सुने देवी धामी, राम सिंह धामी, राजु सिंह धामी, अनिल धामी, सुनिल धामी, अनिता बिष्ट, नरेश सिंह धामी, बिमला धामी, सुन्नरी धामी, लोकेश धामी, मिना धामी, मानमती धामी, हिरा धामी,देव सिह धामी ,लक्ष्मी धामी,माधब सिह धामी,झुपा खत्री, दिप्पु खत्री, मान सिह धामी, धौली देबी विष्ट, मते देवी धामी, शम्भु धामी, डिकरुवा धामी, धाना धामी, करडी देवी धामी, हरि धामी, बाग्मती देवी धामी र गोबिन्द सिह धामी रहेका छन भने नेकपा माओवादी परित्याग गरि नेपाली कांग्रेस प्रवेश गर्नेहरुमा करन सिंह खत्री, मान सिंह खत्री, कासी राम खत्री, राजमती खत्री, कलावती खत्री, लिला खत्री र दान सिंह खत्री रहेका छन्। नवप्रवेशीहरुलाई पार्टीमा स्वागत गर्दै नगर प्रमुख धामीले शैल्यशिखर नगरपालिकालाई कांग्रेसमय बनाउने बताए । साथै उनले कम्युनिष्टहरुले भ्रमको खेती छर्दै गरेको र त्यो भ्रमको खेती चाँडै अन्त्य हुने बताए ।

## हत्या आरोपमा दुई जना पक्राउ

**भक्तपुर/मस–** भक्तपुरमा एक महिलाको हत्या गरेको अभियोगमा प्रहरीले दुई जनालाई पक्राउ गरी बिहीबार सार्वजनिक गरेको छ। पक्राउ पर्नेहरुमा काभ्रेपलाञ्चोक, नमोबुद्ध नगरपालिका-२ भकुण्डेबेसी स्थायी घर भई हाल भक्तपुर नगरपालिका-१० थलाछें बस्ने ४४ वर्षीय रमेश भन्ने कुमार लामा र काभ्रेपलाञ्चोक, भुम्लु गाउँपालिका-४ चौवास स्थायी घर भई हाल भक्तपुर नगरपालिका-८ महेश्वरी बस्ने ३८ वर्षीय नवराज रिजाल छन् ।



काभ्रेपलाञ्चोक, नमोबुद्ध नगरपालिका-९ नवलडाँडा स्थायी घर भई हाल भक्तपुर नागपोखरी बस्दै आएकी वर्ष २८ की जेनिशा नगरकोटीको घाँटी रेटेर छातीमा चक्कुले रोपेर हत्या गरी चाँगुनारायण नगरपालिका-७ बागेश्वरीको तरकारी बारीमा रहेको टिनको टहरामा परालले छोपी राखेको अवस्थामा गत सोमबार राति फेला परेको थियो ।

सो घटनाको अनुसन्धानका क्रममा प्रहरीले कुमार र नवराजलाई पक्राउ गरेको महानगरीय प्रहरी परिसर भक्तपुरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक राजु पाण्डेले जानकारी दिए । हत्याको कारण लागुऔषध दुर्व्यसनी र शारीरिक सम्बन्ध भएको प्रनाउ पाण्डेले बताए। प्रहरीका अनुसार कुमार, नवराज र जेनिशा चिनजानका साथीहरु हुन् । कुमार र जेनिशा एउटै घरमा डेरा गरी बस्ने र कुमारको कोठामा आउँदा जाँदा नवराज र जेनिशाबीच पनि चिनजान बढेको पाइएको प्रनाउ पाण्डेले बताए।

जेनिशा केही महिनादेखि श्रीमान्सँग टाढिएर एक्लै बस्दै आएको र कुमारसँग नजिकीएको अनुसन्धानका क्रममा खुल्न आएको प्रनाउ पाण्डेले जानकारी दिए। श्रीमानसँग टाढिएकी जेनिशा र कुमारको सम्बन्ध बढ्दै गएर शारीरिक सम्बन्धसमेत हुँदै आएको थियो । कुमारको कोठामा आउँदा जाँदा चिनजान भएका जेनिशा र नवराजको पनि सम्बन्ध बढ्दै गएर शारीरिक सम्बन्धसमेत हुने गरेको थियो। यही बीचमा जेनिशा, कुमार र नवराजबीच गत फागुन २१ गते राति शारीरिक सम्बन्धको विषयमा विवाद हुँदा जेनिशाको घाँटी रेटी छातीमा समेत चक्कुले रोपेर हत्या गरेको अनुसन्धानमा खुल्न आएको प्रनाउ पाण्डेले बताए ।


# Paiyun Rural Municipality
## Office of the Rural Municipal Executive
**Huwas, Parbat**
**Gandaki Province, Nepal**

## Invitation for Online Bids

**Date of First Publication: 2078/11/27 (11th March, 2022)**

1. Paiyun Rural Municipality, Huwas, Parbat, has allocated funds towards the cost of project mentioned below and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible bidders as per Section V of bidding document.
2. Paiyun Rural Municipality, Huwas, Parbat invites online bids only under e-procurement system from eligible bidders for the construction of project mentioned below under National Competitive Bidding Single Stage Single Envelope Bidding procedures (1S1E).
3. Eligible Bidders may obtain further information at the Paiyun Rural Municipality office Huwas, Parbat, Contact No: 067-411101, Email:paiyungapa@gmail.com or may visit PPMO e-GP system at www.bolpatra.gov.np/egp.
4. Bidding document is available **online only** and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document in the Rajaswa (revenue) account as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Agriculture Development Bank, Huwas, Parbat**
   **Name of Office: Paiyun Rural Municipality Huwas, Parbat**
   **Office Account No: For bid document : (Ga.1.1) Internal Revenue Account (0318501508401076)**
   **For bid security : Ga.3.Local Level Deposit Account (0318501508401041)**
5. The Pre-bid meeting shall be held at office of Rural Municipal Executive at **14:00 Hrs on 31th March 2022 (2078/12/17)**
6. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before **12:00 Hrs on 10th April 2022 (2078/12/27).** Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2074 issued by PPMO which are available in e-GP system www.bolpatra.gov.np/egp. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 Hrs on 10th April 2022 (2078/12/27)** at Paiyun Rural Municipality Office, Huwas, Parbat.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever. Other mandatory
10. Matter not covered in this notice shall govern in accordance with Public Procurement Act 2063 (Amendment 2073) and Public Procurement Regulations, 2064 (Amendment 2076) and other prevailing rules and regulations of Government of Nepal (GoN).

| S.N. | Contract Name | Brief Description of Work | Estimated Amount Without VAT & Contingency | Bid Security Amount in (NRs) | Bid Security Validity Period | Cost of the Bidding Documents (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | PRM/NCB/W/B/ PAR/04/2078-079 | Construction of Ward No. 3 Office Building | 70,84,907.37 | 2,10,000 | 120 Days | 3000 | |

**Chief Administrative Officer**



मध्यान्ह
www.madhyanhadaily.com
२७ फागुन २०७८, शुक्रबार
11 March 2022, Friday

## सम्पादकीय

### साना दलहरुको आवाज सुन

विभिन्न ३७ वटा दलले आगामी स्थानीय तहको निर्वाचनमा दलीय चुनाव चिह्न मागेका छन् । तर, सरकार र निर्वाचन आयोग उनीहरूको आवाज सुनिरहेको छैन । ठूला दलहरू पनि सानाको कुरा भनेर मौन छन् । हुन त कानूनले नै साना र ठूला दल भनेर विभेद गरेको देखिन्छ । स्थानीय तह निर्वाचन ऐन २०७३ र राजनीतिक दलसम्बन्धी ऐन २०७३ मा राष्ट्रिय दलको मान्यता नपाएका दलहरूले स्थानीय तहको निर्वाचनमा दलीय चुनाव चिह्न नपाउने व्यवस्था छ । यी दुबै कानून बनाउने सरकार र निर्वाचन आयोग हो । सहयोग गर्ने ठूला दलका सांसदहरू हुन् । आफ्नो हातमा डाडु पन्यौ हुँदा जे गरे पनि हुन्छ भन्ने सोच राखेर ठूला दलहरूले साना दलहरूले दलीय चुनाव चिह्न प्रयोग गर्न नपाउने कानून बनाउनु कानूनी राज्यकै लागि लज्जाको विषय हो ।

नेपालको संविधानले समान विचारधारा भएकाहरूले राजनीतिक दल खोल्न पाउने संवैधानिक अधिकार प्रत्याभुत गरेको छ । र निर्वाचनमा सहभागी हुनका लागि निर्वाचन आयोगमा दर्ता गर्ने व्यवस्था छ । यही व्यवस्था अनुसार आगामी स्थानीय तहको निर्वाचनमा भाग लिन ८० वटा राजनीतिक दलले निर्वाचन आयोगमा निवेदन दिएका छन् । प्रचलित कानून अनुसार ती ८० दलमध्ये ६ दलले मात्रै आफ्नो चुनाव चिह्न लिएर निर्वाचनमा सहभागी हुन पाउँछन् । बाँकी ७४ दलका उम्मेद्वारले स्वतन्त्र उम्मेद्वारको रूपमा चुनाव चिह्न प्रयोग गर्नुपर्ने हुन्छ । यसले ठूला दलका उम्मेद्वारलाई सहज र साना दलका उम्मेद्वारलाई अप्ठ्यारो पार्ने देखिन्छ । राष्ट्रिय मान्यता प्राप्त दलहरूले आफ्नो निर्वाचन चिह्न पाई चुनावी प्रचारप्रसार निरन्तररूपमा कार्य गर्न पाउने भए । तर, साना दलहरू जो आफ्ना उम्मेद्वारहरूलाई एउटा साझा पहिचान दिन नसक्ने भए । एउटै तहमा उठ्ने एउटै दलका उम्मेद्वारहरूको फरक फरक चुनाव चिह्न हुँदा साना दलका गतिविधिहरूको प्रभाव पनि कम हुने भयो ।

नेपालले बहुदलीय प्रतिस्पर्धात्मक शासन व्यवस्था अवलम्बन गरेको छ । संविधानको धारा ७४ ले यही भन्छ । तर, बहुदलमा पनि साना र ठूला दल भनेर दलीय चुनाव चिह्नमै रोक लागाउने कार्य संविधानको मर्म विपरीत हो । निर्वाचनसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुसार पनि सबै राजनीतिक प्रतिस्पर्धीहरूलाई आफ्ना मतदातसँग पुग्न तथा उनीहरूको मत पाउनका लागि निष्पक्ष रूपमा अवसर दिनुपर्छ । यसकारण पनि राष्ट्रिय मान्यता प्राप्त गरेका र नगरेका भनी दलीय चुनाव चिह्न दिने वा नदिने निर्णय लिइने कानून गलत छ । संघीय तथा प्रादेशिक निर्वाचनमा संघीय कानूनले चिह्न वितरणमा विभेद नगरेको अवस्थामा स्थानीय तहको निर्वाचनमा चिह्न वितरणमा विभेद गर्नु उपयुक्त देखिन्न । यसकारण सके तत्काल प्रचलित कानून संशोधन गर्ने नसके व्यवहारिक रूपमा भए पनि साना दलहरूले दलीय चुनाव चिह्न पाउने व्यवस्था मिलाइनु आवश्यक छ ।

# एमसीसी र यसका पराकम्पहरू

**१२ बुँदे टालो त कोरोनाको मास्क जस्तै हो, लाए पनि कोरोना, नलाए पनि कोरोना । यसो यता झुक्याएझैँ उता पनि झुक्याउन सकिन्छ कि भनेर व्याख्यात्मक भनेको चीनले नोटेड, स्वयं दाता कन्ट्रीले पनि नोटेड, यो नोटेडको अर्थ के हुन्छ ?**

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

#### भूमण्डलीकरणको प्रभाव

ग्लोबलाइजेशनका नाममा विश्व साँघुरिएको छ र त यो युग आइटिको भएको छ । दिल्ली, बेइजिंगमा पानी पर्दा मात्र हामीले छाता ओढेर पुगेन, अमेरिका र रूसको कारण पनि हाम्रो दैनन्दिन जीवन प्रभावित हुने भएको छ, त्यसको पछिल्लो प्रभाव भनेको यहाँको एमसीसीको रडाको र यूक्रेनको कालो बादल हो । हामी कृषि प्रधान देश भन्छौं, जतिबेला धान, चामल, अन्य वस्तुसमेत बाहिर देशमा निर्यात गर्थ्यौं । तर, अब यो स्थिति रहेन । सबैजसो नाना, छाना, खानाका वस्तुहरू आयात गर्ने भएका छौं, हाम्रो रूप बदलियो, रंग बदलियो, परिस्थिति र परिवेश बदलियो, सुकिला, मुकिला भयौं, खेतबारीमा काम गर्न अल्छी लाग्यो, विदेशी भूमिमा भाँडा माझ्न तयार भयौं, विप्रेषण ल्याएर राष्ट्रिय खर्च चलाउने अवस्थामा पुग्यौं । बैंकले फकायो पहिले, सबैले अनलाइन कारोबार गर्न थाले, अब पछिल्लो आदेश छ २५ हजारभन्दा वढीको आन्तरिक विप्रेषण हुन्न भनेर । यूक्रेनमा घम्साघम्सी हुँदा यहाँ खाने तेल मात्रै होइन पेट्रोलको मूल्य आकाशतिर फर्कियो, आधाआधी त सरकारले यसमा कर लिन्छ, पेट्रोलको दाम भयो डेढ सय, डिजेलको भाउ उफ्रिनाले सार्वजनिक यातायात र ढुवानी सेवा अब के हुने हुन्, चिन्ताको विषय बनेको छ, ग्याँसतिर पनि अब आँखा नजाला भन्न सकिन्न ।

०७२ को भूकम्पको पराकम्पन अहिलेसम्म देखिँदै छ । नयाँ संविधान आउँदा भारतले नोटेड भन्यो, लगत्तैको जनजीवन असह्य पीडादायी बन्यो । त्यही संविधानले बनेको संसद घरीघरी कोमामा जान्छ, बल्ल ब्यूतिँदा एमसीसीले ध्वनि मत पाउँछ । बहुमतमा १३६ सांसदको हस्ताक्षर चाहिन्थ्यो, अहिले कतिजना सांसद यसका पक्षमा भए स्वयं सभामुखलाई नै जानकारी छैन र त उहाँले यति मतले पास भयो भन्न सक्नु भएन । वीरवलको लामो खिचडी देउवाजी र उहाँको परिवारले पकाउनुभयो, बिचराहरूलाई हम्मे-हम्मे परेको थियो, नगरौं भने बचन दिइयो, गरूँ भने संसद भवन बाहिर त तमासा नै थियो । गोली, अश्रु ग्याँस, पानीको फोहरा, झडप, ढुँगा हानाहान, नेपालबन्ददेखि के भएन, सबैथरि भयो । यसो यहाँ भएकालाई दलको काममा लगाउनु परिहाल्यो, नत्र १७ खर्ब व्यापार घाटा, १६ अर्ब बजेट, ऋण पनि उस्तै उस्तै, हुन्छ कसरी ? तीन तीनपल्ट वर्षमै बजेट संशोधन गरिएको लगातार ४ वर्ष भयो, विकास खर्च त मरे गर्न सकिन्न त के गर्ने ?

#### पराकम्पहरू

पराकम्प भूकम्पको मात्रै होइन एमसीसीको पनि छ । बल्ल पास गरेको अन्तर्राष्ट्रिय कानुनविद्हरू मरे मान्दैनन्, बूढानीलकण्ठ देउवा चोक पनि अब कृष्ण चोक भएछ । १२ बुँदे टालो त कोरोनाको मास्क जस्तै हो, लाए पनि कोरोना, नलाए पनि कोरोना । यसो यता झुक्याएझैँ उता पनि झुक्याउन सकिन्छ कि भनेर व्याख्यात्मक भनेको चीनले नोटेड, स्वयं दाता कन्ट्रीले पनि नोटेड, यो नोटेडको अर्थ के हुन्छ ?

पहिले त यो भनिएको छ एमसीसी सन्धि ऐनअनुसार संसदमा जाने विषय नै होइन या गए पनि प्रक्रिया मिलेन र त विपक्षमा ठूलो जनमत छ । जनताले एमसीसी पास गराउन भोट दिएकै होइनन्, अहिलेका नेताहरूलाई । संसद पनि अचम्मको अरूबेला सुतिरहने त्यहीबेला जुरूक्क उठ्ने फेरि निदाइहाल्ने, खप्पिस छन् । ओली बा त्यसलाई नै मसला बनाएर फेरि बालुवाटार पुग्ने उनको अडान छ, राजनीतिले स्वयं देवतालाई पनि झुक्याउछ छ रे, नीतिले भनेको छ । सुर्खेतमा आगजनी, तोडफोड, पूर्वतिर हस्ताक्षर अभियान के भएन देशमा ?

हिजोसम्म बेठीक भन्ने प्रचण्ड, माधवहरू एकाएक ठीक भन्छन्, व्याख्यात्मक टालो भिर्छन्, टिप्पणीलाई दोहोरो रूपमा स्वीकारे मात्र सम्झौताको अंग बन्ने कुरा भुल्छन् उनीहरू, पहिले संशोधन गर न भन्दा अहँ हुन्न भनेको विषय त थाहा होला नि । असंलग्न परराष्ट्र नीति विपरीत गयो भने हालत के हुन्छ भन्ने विषय परराष्ट्र मामला हेर्नेलाई थाहा होला तर, यो विषयमा परराष्ट्रको संस्थागत मेमोरी के छ पटक्कै बाहिर आएन ।

#### नेतृत्वको उदसीनता

समाज बदल्छु भन्छन् कम्युनिष्टहरू तर, कतिबेला उग्र दक्षिणपन्थी हुन्छन् थाहै हुन्न । घरमा आगलागी भयो भने छिमेकीले दमकल बोलाइदिनु पर्छ । चीन भारत नजिकका छिमेकी हुन्, दुबै रिसाए सिमानामा बस्ने नेपालीहरूलाई पीडा हुन्छ । यूक्रेनको हविगत, अफगानीस्तानको हालत हामीलाई थाहा भइसकेको छ । हामीभन्दा ८ हजार माइल टाढा भएको अमेरिकाले निस्वार्थ सहयोग त गरोस् भन्ने चाहन्छौं हामी तर, यता यता टाँस्सियो भने चीनको आँखा कर्के नजरको हुन्छ । चीन र अमेरिकाबीच व्यापार युद्ध छ, एमसीसी सैन्य रणनीतिसँग सम्बन्धित छ भनिएको छ । अमेरिकालाई एसिया प्यासिफिकमा रमाउनु छ अहिले, युरोपमा भन्दा । त्यसैले खान्न खान्नभन्दा पनि खाइदेउ भनिरहेको अवस्था छ ।



> नयाँ संविधान आउँदा भारतले नोटेड भन्यो, लगत्तैको जनजीवन असह्य पीडादायी बन्यो । त्यही संविधानले बनेको संसद घरीघरी कोमामा जान्छ, बल्ल ब्यूतिँदा एमसीसीले ध्वनि मत पाउँछ । बहुमतमा १३६ सांसदको हस्ताक्षर चाहिन्थ्यो, अहिले कति जना सांसद यसका पक्षमा भए ? स्वयं सभामुखलाई नै जानकारी छैन ।

बिजुली बेचेर नेपाल धनी कहिले हुने, पानी बेचेर धनी भएको छैन, महाकाली, टनकपुरको इतिहास बनाउने दिग्गजहरू अहिलेकै नेताजीहरू हुन् । यहीँ बिजुली सस्तो छैन, खुलेर बत्ति बाल्न सकिएको छैन, खम्बा गाड्दै २ लाख रूख कटानी हुने रे पर्यावरण यसै बिग्रिसकेको अवस्थामा देशको हालत अब के होला ? समयमा कहिल्यै राष्ट्रिय गौरवका आयोजना पूरा भएका छैनन्, तेब्बरसम्म लागत खर्च बढेको छ । मेलम्ची जस्तो संवेदनशील आयोजनाले पानी होइन हावा खुवाएको अबस्था छ । जनता झुक्याउन चुनाव ताका मेलम्ची अस्थायी उठाइन्छ, उठ्न नपाई मेलम्ची संसदजस्तै सुतिहाल्छ । अन्य परियोजनाहरूको लागत खर्च कति बढेको छ, तिनले उत्पादन, सेवा दिन सकेका छैनन्, न त रोजगारी नै, महँगीको उपहार पक्कै दिएका छन् ।

०४६ सालसम्म देशमा २९ अर्ब विदेशी ऋण हुँदा कत्रा कलकारखाना, राजमार्गहरू थिए, अहिले ऋणको भार खर्बौं हुँदा नेपालीलाई बाँच्नुमा भन्दा मर्नुमा कल्याण भएझैँ लागिसकेको छ । सिंहदरबार गाउँमा जाँदा त सिंहले गाउँ चिथोर्न थालेको छ, करले टिकिनसक्नु भएको छ । झ्याल झ्यालमा मन्त्रालयहरू झुण्डाउने कस्तो गणतन्त्र र संघीयता दिएछन् विदेशीहरूले, चुनाव खर्च त्यतिकै महँगो, सधैँको गाईजात्रा देशैभरि ।

अन्य राजनीतिक दलभन्दा एमालेले महिलालाई धेरै अघि बढाएकोले आफू एमालेप्रति आकर्षित भएको करिश्माको भनाई छ। केपी शर्मा ओलीको व्यक्तित्वले पनि आफूलाई एमालेप्रति आकर्षित गराएको उनी बताउँछिन्।

उनले एमाले प्रवेश गरे पनि आफूले ठूलो अपेक्षा भने नराखेको बताइन्। यद्यपि, तीनै तहका निर्वाचनको पूर्वसन्ध्या भएकाले यो उचित समय भएको आफ्नो आंकलन रहेको उनले स्पष्ट पारिन्।

यसअघि डा. बाबुराम भट्टराईले नेतृत्व गरेको तत्कालीन नयाँ शक्ति पार्टीबाट राजनीतिक यात्रा शुरु गरेकी अभिनेत्री करिश्मा मानन्धरले दुई वर्षमै नेता भट्टराईको साथ छाडेकी थिइन्। नयाँ शक्ति पार्टीमा आवद्ध हुँदा आफूले धेरै कुरा सिक्ने अवसर पाएको बताउँदै करिश्माले अब एमालेबाट समाज परिवर्तनका लागि भूमिका खेल्ने बताएकी छन्। नयाँ शक्तिमा रहेर काम गरे पनि नयाँ पार्टीमा काम गर्दा फरक अनुभव र संघर्ष गर्नुपर्ने उनी बताउँछिन्।

## काठमाडौंको मेयर बन्ने राजेश हमालको इच्छा !



**काठमाडौं/मस-** अभिनेता राजेश हमालले काठमाडौं महानगरको मेयर बन्ने चाहना राखेका छन्। उनले 'राजेश हमाल अफिसियल' युट्युव अकाउन्टमार्फत एक भिडियो सार्वजनिक गरेका थिए। 'अ डे विथ राजेश हमाल' शीर्षक लेखिएको भ्लगको ट्रेलरमा उनले काठमाडौं महानगरको चिन्ता गर्दै मेयर बन्ने सपना व्यक्त गरेका छन्।

'शहरलाई चाहिँ खै ब्युटिफाई गर्ने भन्ने कुरामा चाहिँ कसैको ध्यानै गएन। भाषणमा चाहिँ भनिरहेका हुन्छन्, प्राक्टिकली गर्ने सोच नपुगेर हो कि ढंग नपुगेर हो कि। एकचोटी काठमाडौं शहरको मेयर बन्नुपर्छ कि क्या हो ?' उनले भनेका छन्।

## एघारौं अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला सम्पन्न

**काठमाडौं/मस-** एभरेष्ट नेपाल कल्चरल ग्रुपको आयोजनामा फागुन २१ र २२ गते ११ औं अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला २०७८ सम्पन्न भएको छ। विश्वमा देखिएको कोभिडको कारणले प्रत्यक्ष सहभागिता सम्भव नहुनाले भर्चुअलमार्फत आयोजना गरिएको एघारौं अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला आयोजना भएको हो। मेलामा इस्टोनिया, मेक्सिको, बङ्गलादेश, बोलिभीया, भारत, मलेसिया, बुल्गेरीया, कोलम्बिया, चिली, इक्युडोर, इजीप्ट, लिथ्युनिया, पेरु, फिलीपिन्स, पोल्यान्ड, पार्चुगल, इजरायल, रोमानिया, सरबिया, सिगापुर, स्लोभाकिया, साउथ अफिका, स्पेन, ताइवान, तान्जेनिया, जिम्वाबे र नेपाल सहित विश्वका ३० भन्दा बढी राष्ट्रबाट ४२ विभिन्न सांस्कृतिक समुहहरुले भाग लिएको आयोजक संस्थाका सस्थापक अध्यक्ष आरसी कोइरालाले बताए।

एभरेष्ट नेपाल कल्चरल ग्रुप नेपाली लोक संस्कृतिको संरक्षण तथा सम्बर्धन गर्ने प्रमुख लक्ष्य बोकेर दुई दशक अघि स्थापना भएको संस्था हो। स्थापनाकाल देखिनै यस संस्थाले नेपालको सांस्कृतिक विविधतालाई विश्वसामु प्रस्तुत गरी नेपालको गरीमा बढाउने कार्य गर्दै आईरहेको छ। केही दशक यता नेपालले आफ्नो लोक संस्कृतिलाई विश्व समुदायसामु उजागर गर्न थालेको भएतापनि नेपाली पर्यटन क्षेत्रको प्रमुख आकर्षणको रुपमा रहनसक्ने सम्भावना भएको नेपालको अनौठो सांस्कृतिक विविधता अहिलेसम्म ओझेलमा पर्दै आएको छ। यस्तो स्थितिलाई मध्यनजर गर्दै यस संस्थाले आफ्नो मौलिक लोक संस्कृति झल्कने कार्यक्रमहरु स्वदेश तथा विदेशमा प्रस्तुत गर्दै आएको एभरेष्ट नेपाल कल्चरल ग्रुपद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ। प्रथम अन्तर्राष्ट्रिय लोक साँस्कृतिक मेलादेखि हालसम्म आइपुग्दा करिब ७५ भन्दा बढी देशका ६५०० भन्दा बढी कलाकार हरुले आ-आफनो देशको मौलिकता झल्कने झांकी सहित विविध लोक सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिसकेका छन्। यस संस्थाले विश्वको १०० भन्दा बढी अन्तर ाष्ट्रिय लोक सांस्कृतिक कार्यक्रम मार्फत नेपाली लोक संस्कृतीको पहिचान र प्रवर्द्धन गराउँदै आएको छ। नेपाली संस्कृति उत्थान तथा सांस्कृतिक प्रर्यटन प्रवर्द्धनको आफनो अभियानलाई निरन्तता दिँदै लोक संस्कृति आदान प्रदान गर्नुको साथै नेपालमा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्नु यस मेलाको प्रमुख उद्देश्य रहेकोसंस्थाकी निर्देशक सीतल आचार्यले जानकारी दिइन्।

प्रत्यक्ष प्रसारण भएको यस मेलामा नेपाल को तर्फबाट प्रस्तुत मघऔटा तथा कौरा नृत्यलाई बरिस्ठ नृत्य निर्देशक जोगेन्द्र केसीले निर्देशन गरेका थिए भने भैरब काली नृत्यलाई चरिया गुरु चन्द्रमान मुनिकार तथा धिमे नृत्यको निर्देशन सुदन मुनिकरले गरेको यस मेलाको संगित संयोजन बरिस्ठ संगीतकार राम भुजेलले गरेका थिए।

### धरान उपमहानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

धरान-१२, सुनसरी

[ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ]

**प्रकाशित मिति २०७८।११।२७**

यस कार्यालयको मिति २०७८।१०।०३ गते प्रथम पटकको बोलपत्र सूचना अनुसार **Ward office Building Construction Dharan–4** सम्बन्धी ठे.नं. **07/DHARAN/WORKS/NCB/078/79** का लागि पेश भएका बोलपत्रहरु मध्ये देहायको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | विवरण | छनौटकालागि सिफारिश भएको दर भाउपत्रदाता | कबुल अंक |
|---|---|---|---|---|
| १ | 07/DHARAN/WORKS/NCB/078/79 | Ward office Building Construction Dharan-4 | Shree Pathivhara Construction Itahari-5, Sunsari | 8576110.651 (With VAT and PS) |

### डिभिजन वन कार्यालय, भेरी, बावियाचौर, सुर्खेतको काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित मिति : २०७८/११/२७**

यस डिभिजन वन कार्यालय अन्तर्गत बराहताल सब-डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने बराहताल गा.पा. २ र ४ सुर्खेतको **ठुलोवास, मोहरा र नौतले** राष्ट्रिय वन क्षेत्रमा आव. २०७७/०७८ मा उत्पादन भई प्राप्त भएको काठ दाउरा बराहताल गा.पा. २ र ४ दुबीचौर र नांङ्गोसम्म सुर्खेतमा घाटगद्दी गरी राखेको तपशिल बमोजिमका जात, ग्रेड, थान र परिणामका गोलिया लट नं. १५, १७, १८, २० र २१ को काठ, दाउरा लिलाम प्रक्रियाद्वारा बिक्री वितरण गर्नुपर्ने भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। इच्छुक व्याक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन दिनको कार्यालय समयभित्र श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत वा श्री प्रदेश वन निर्देशनालय, कर्णाली प्रदेश सुर्खेत वा डिभिजन वन कार्यालय भेरी बाबियाचौर सुर्खेतबाट प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र श्री प्रदेश वन कार्यालय, कर्णाली प्रदेश सुर्खेत वा डिभिजन वन कार्यालय भेरी बाबियाचौर सुर्खेतमा दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पार्टीमा टाँस गरिनेछ।

| सि.नं./लट नं. | जात | ए ग्रेड | | बी ग्रेड | | सी ग्रेड | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | थान | क्यु.फि. | थान | क्यु.फि. | थान | क्यु.फि. | थान | क्यु.फि. | |
| १/१५ | साल | २५ | ४२६.९७ | ९० | ८९४.१९ | ४६ | २४४.४३ | १६१ | १५६५.५९ | ठुलोबास राष्ट्रिय वन |
| २/१७ | साल | २४ | ४४८.६० | ८५ | ८१७.० | ७८ | ४५१.६९ | १८७ | १७१७.२९ | मोहरा राष्ट्रिय वन |
| | असना | | | ६ | ३५.४ | | | ६ | ३५.४ | |
| | कर्मा | १ | १५.७५ | २ | २७.२९ | | | ३ | ४३.०४ | |
| | जम्मा | | | | | | | **१९६** | **१७९५.७३** | |
| ३/१८ | साल | २७ | ४७३.०४ | ८१ | ८१५.४५ | ८७ | ४६०.८२ | १९५ | १७४९.३१ | |
| | असना | | | ५ | ३०.४४ | | | ५ | ३०.४४ | |
| | कर्मा | १ | १४.८९ | २ | २२.४५ | | | ३ | ३७.३४ | |
| | जम्मा | | | | | | | **२०३** | **१८१७.०५** | |
| ३/२० | साल | १४ | ३२१.१९ | ८२ | ८८६.२० | २७ | १६९.७३ | १२३ | १३७७.१२ | नौतले |
| ३/२१ | साल | १७ | ३०४.०२ | ६९ | ९०२.९६ | २८ | १६९.१८ | ११४ | १३७६.१६ | |

### तारा लुब्रिकेन्टस प्रा.लि.को हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८।११।२७

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि नं १०३०१७** (दर्ता मिति २०५०।०२।०१) को **तारा लुब्रिकेन्टस प्रा.लि** को मिति २०७८।१०।१५ मा बसेको विशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोहि कसैको कुनै बाँकि बक्यौता वा लेनदेन आदी बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधी मार्फत हकदावी गर्ने निम्न लिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा कम्पनी ऐन २०६३ बमोजिम कम्पनीको दर्ता खारेजी भई जाने व्यहोरा जानकारी गराइन्छ।

लिक्वीडेटर : कुमार राज जोशी, ईजाजत प्रमाण पत्र नं २१४
बुद्धनगर, काठमाडौं, फोन नं ०१४७९३५५५, मोबाईल नं ९८५१०१८२८२
ईमेल : joshikumar@gmail.com


### साउदीमा रोजगार | कम्पनी: SAMARA FAHAD SALMAN AL-ZAHRA TRAD.EST.

शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७८/११/२६ | चलानी नं.: ६०१७५५७६८ | L.T. No.: 259171

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | स. काममा दक्ष | 1200 | ३९,०८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ४ गते (18 March 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Future Link International Pvt. Ltd.**
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com



### कतारमा रोजगार | १. कम्पनी: GULF TECHNICAL SERVICES (G.T.S.)

शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७८/११/२६ | चलानी नं.: ६०१७५७६७ | LT. No.: 259266

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४०,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 1 | 0 | | 1000 | ३३,३६० | | | | | | | |
| 3. | Pipe Fitter | 1 | 0 | | 1200 | ४०,०३२ | | | | | | | |
| 4. | Tile Maker | 1 | 0 | | 1200 | ४०,०३२ | | | | | | | |

२. कम्पनी: SULTAN MOHD. TRADING & CONT. CO. | शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७७/११/२३ | चलानी नं.: ६०१५५१३३ | LT. No.: 236744 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1500 | ५०,०४० | | | | | | | |

४. कम्पनी: QATAR STEEL INDUSTRIES FACTORY W.L.L | शहर: Qatar

पुर्व स्वीकृत मिति: २०७८/०८/०१ | चलानी नं.: ६०१६७८४९ | LT. No.: 250996 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 18 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Welder | 4 | 0 | | 1300 | ४३,३६८ | | | | | | | |
| 3. | Blacksmith | 1 | 0 | | 1300 | ४३,३६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ४ गते (18 March 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.न. २ को रु. १०,०००/- अन्यको नि: शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Mobhira Recruitment Consultancy Services (P.) Ltd.**
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल,
फोन: ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com


### Province Government
### Lumbini Province
### Ministry of Physical Infrastructure Development
### Transport Infrastructure Directorate
### Road Infrastructure Development Office
Rupandehi

## Invitation for Bids

**IFB No:-15/RIDORUP/078-79**

**Date of publication: March 11, 2022 (2078-11-27)**

1. Road Infrastructure Development Office, Rupandehi invites electronic bids only from eligible bidders for following work under NCB bidding procedure.

| S N | Road Name | Contract ID | Fee of Bid Doc. (NRs.) | Estimated Amount (excluding VAT) | Bid Validity Period | Bid Security Amount (NRs) | Bid Security Validity Period (days) |
|---|---|---|---|---|---|---|---|
| 1. | Upgrading of Ranibagia-Jhegamara-Kachal Road, Rupandehi | RIDORUP/RUP/144/NCB/078/79/110 II | 3000 | 3,162,631.32 | 90 days July 8, 2022 | 80,000.00 | 120 days (August 7, 2022) |

2. Submission and Opening:

| Submission of Bid Date | Submission of Bid Time | Opening of Bid Date | Opening of Bid Time | |
|---|---|---|---|---|
| April 10, 2022 | 12:00 hrs | April 10, 2022 | 13:00 hrs | Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |

3. Revenue Account Details:

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No. |
|---|---|---|---|---|
| Provincial Treasury and Controller Office, Butwal Rupandehi | Rastriya Banijya Bank | Butwal Branch | 1000200010000 (Rajaswa) | Office code : 3370148025, Road Infrastructure Development Office, Rupandehi<br>Revenue Heading no: 14229 |

4. Pre-bid meeting shall be held at the office on March 31, 2022 at 11:00 AM
5. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

## खप्तड गोल्डकप

# उपाधिका लागि फेन्ड्स र मनाङ भिड्ने



**धनगढी/मस–** सर्वाधिक धनराशीको पाँचौ मुख्यमन्त्री सुदूरपश्चिम खप्तड गोल्डकप फुटबल प्रतियोगितामा फ्रेन्ड्स क्लब फाइनलमा प्रवेश गरेको छ । धनगढी रंगशालामा बिहीबार भएको दोस्रो सेमिफाइनलमा बागमती युथ क्लबलाई २-१ गोल अन्तरले हराउँदै ए डिभिजन क्लब फ्रेन्ड्स उपाधि नजिक पुगेको हो । फ्रेन्ड्सलाई जित दिलाउन जमोउल एन्थोनी फ्रान्कोईस र राजिब लोप्चनले एक एक गोल गरे । बागमतीका ड्याडी वाम्बा जुनियरले एक गोल फर्काए ।

खेलको पहिलो हाफ गोलरहित बराबरी भएको थियो । तर खेलको ६४ औं मिनेटमा फ्रेन्ड्सले खेलमा अग्रता बनायो । उसका लागि विदेशी खेलाडी जमोउल फ्रान्स्वाले गोल गर्न सफल भए । उनले बागमती युथ क्लवका गोलकिपर अगाडी बढेको अवस्थाको फाइदा उठाउँदै चिप गरेर गोल गर्न सफल भए । खेलको ७१ औं मिनेटमा फ्रेन्ड्सले अन्तर दुई शुन्यमा पुऱ्यायो । उसका लागि फ्रान्स्वाको क्रसमा राजिव लोप्चाङले गोल गर्दै टिमलाई दुई शुन्यले अगाडि राखे । दुई गोलले पछि परेको बागमतीले ८३ औं मिनेटमा गोल फर्काउँदै अन्तर दुई एकमा पुऱ्यायो । उसका लागि निकोलस फर्नान्डेसको क्रसमा ड्याडी वाम्बा जुनियरले गोल गर्न सफल भए ।

खेलको इन्जुरी समयमा बागमतीले खेल बराबरी गर्ने उत्कृष्ट मौका गुमाए । उसका फ्लोरेन्टले डिबक्स भित्रबाट गरेको प्रहारले फ्रेन्ड्सका गोलकिपर विट भइसकेको अवस्थामा पोष्टको नजिकैबाट बाहिरियो । त्यसपछि बागमती खेलमा फर्कन सकेन र सेमिफाइनलबाट बाहिरियो । अब फ्रेन्ड्सले उपाधिका लागि मनाङ मर्स्याङ्दी क्लबको सामना गर्नेछ । पहिलो सेमिफाइनलमा हिमालयन शेर्पालाई पेनाल्टीमा ४-२ गोल अन्तरले हराउँदै मनाङ फाइनल प्रवेश गरिसकेको छ । आयोजक सुदुरपश्चिम-११ स्पोर्टस क्लब धनगढीले आयोजना गरेको प्रतियोगिताको विजेताले २१ लाख नगद प्राप्त गर्नेछ । उपविजेता टोलीले १० लाख नगद प्राप्त गर्नेछ । सर्वोत्कृष्ट खेलाडीले मोटरसाइकल पाउनेछन् भने उत्कृष्ट गोलरक्षक, डिफेन्डर, फरवार्ड, सर्वाधिक गोलकर्ता र प्रशिक्षकसहित उदयमान खेलाडी र फेयर प्ले टिमले जनही नगद २५ हजार प्राप्त गर्नेछन् । प्रत्येक खेलको म्यान अफ द म्याचले १० हजार पाउने आयोजकले जनाएको छ ।

# सूर्य नेपाल एनपीजीएमा भुवन विजयी




**काठमाडौं/मस–** सूर्य नेपाल गल्फ टुर २०२१-२२ अन्तर्गत रोयल नेपाल गल्फ क्लबमा बिहीबार भएको चौथो इभेन्ट सूर्य नेपाल एनपीजीए म्याच प्लेको उपाधि भुवन नगरकोटीले जितेका छन् ।

३६ होलमा खेलिएको फाइनलमा शीर्ष स्थानको भुवनले चौथो वरियताका सञ्जय लामालाई ३ र २ ले हराएका थिए । सञ्जयले ९ होल पछि २-अप गरेका थिए भने भुवनले १८ होल पछि एकमा घाटा घटाए । भुवनले २७ होलपछि पहिलो पटक १-१ को अग्रता लिएका थिए भने ३० होलपछि तीनको अग्रता बढाए । दुबै गल्फरले अर्को चार होल सेयर गरे र भुवनले दुई होल बाँकी रहँदा विजय पूरा गरे ।

भुवनले आफ्नो करियरको आठौं र सूर्य नेपाल गल्फ टुर २०२१-२२ सिजनमा पहिलो उपाधि जितेका थिए । ट्रफीसँगै भुवनले ५० हजार रुपैयाँ प्राप्त गरे । उपविजेता सञ्जयले ३० हजार रुपैयाँ हात पारे । पाँचौं वरियताका धनबहादुर थापाले तेस्रो स्थानका विकास अधिकारीलाई फाइनल होल (टु-अप) मा पराजित गर्दै तेस्रो स्थान हासिल गरेका छन् । धनले २२ हजार र विकासले १८ हजार प्राप्त गरे । क्वार्टरफाइनलमा पराजित भएका चार जना दिनेश प्रजापति, रामे मगर, जयराम श्रेष्ठ र दीपक मगरले जनही १० हजार रुपैयाँ प्राप्त गरे । त्यसैगरी पहिलो राउण्डमा हारेका आठ खेलाडी सचिनप्रसाद भट्टराई, सूर्यप्रसाद शर्मा, बल भद्र राई, भुवनकुमार रोक्का, कृष्णमान राजबाहक, रवि खड्का र शिवकुमार माभ्कीले ५-५ हजार रुपैयाँ प्राप्त गरे ।

अर्डर अफ मेरिट अफ सूर्य नेपाल गल्फ टुर २०१८-१९ सिजनका शीर्ष १६ व्यावसायिक गल्फरहरू प्रतियोगितामा सहभागी हुन योग्य थिए । दोस्रो वरियताका शिवराम श्रेष्ठ र १४औं वरियताका दीपक आचार्यले प्रतियोगितामा भाग लिएनन् र एनपीजीएले १७औं वरियताका शिवकुमार माभ्की र १८औं वरियताका सचिन भट्टराईलाई ड्रमा स्थान बनाउन अनुमति दिएको थियो ।

प्रतियोगिताका विजेताहरुलाई सूर्य नेपाल प्रालिका उपाध्यक्ष (मार्केटिङ) दिप्रा लाहिरी र आरएनजीसीका अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठले पुरस्कार वितरण गरेका थिए । सूर्य नेपाल प्रालिको प्रायोजनमा नेपाल पीजीएले आयोजना गरेको प्रतियोगितामा रु दुई लाख नगद रहेको थियो ।

# महाराजगंजमा राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप प्रतियोगिता शुरु

**माधव बेल्वासे/मध्यान्ह**
कपिलवस्तु, २६ फागुन



कपिलवस्तुको महाराजगंज नगरपालिकामा तेस्रो नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड तथा मेयर कप प्रतियोगिता शुरु भएको छ । नगर खेलकुद विकास समितिको आयोजनामा बिहीबारबाट शुरु भएको प्रतियोगिता तिन दिनसम्म सञ्चालन हुने छ । कार्यक्रमको उद्घाटन गर्दै महाराजगंज नगरपालिकाका नगर प्रमुख अब्दुल कलामले खेलकुदलाई प्राथमिकतामा राखेर नगरपालिकाले चालु आर्थिक वर्षको वजेटमा विभिन्न खेलकुद प्रतियोगिता आयोजनाका लागि बजेट छुट्टयाएको बताए ।

खेलकुद स्वास्थ्यसँग पनि जोडिएकाले नगरपालिकाले खेलकुदलाई विशेष महत्व दिएको उनले उल्लेख गरे । उनले खेलकुद राष्ट्को समृद्धिसंग जोडिएको भन्दै खेलकुदले देशको अर्थतन्त्रको पनि विकास गरेको बताए । त्यस्तै कार्यक्रममा बोल्दै प्रमुख प्रशासकीय अधिकृत रविन्द्र चौधरीले विद्यार्थीहरुको शैक्षिक विकासका लागि मात्र नभई शारीरिक बिकासमा जोड दिनुपर्ने बताए । नगर भित्रका खेलकुद प्रतिभाको खोजि गर्दै संरक्षण, संवर्द्धन र प्रवर्द्धन गरी राष्ट्रनिर्माण र खेल विकासमा खेलाडीको भूमिका सवल हुने उनले बताए ।

स्थानीयस्तरमा रहेका खेल प्रतिभालाई उजागर र खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले रनिङ शिल्ड तथा मेयर कप प्रतियोगिता कार्यक्रम फागुन २८ गतेसम्म सञ्चालन हुने शिक्षा शाखा प्रमुख रेस्मी राज अर्यालले बताए । प्रतियोगितामा नगरका सामुदायिक र निजी गरी १२ विद्यालयका खेलाडीहरुले भलिबल, कबड्डी, एथलेटिक्सअन्तर्गत महिला पुरुष दौड लगायतका खेलमा प्रतिस्पर्धा गर्ने बताइएको छ ।

प्रतियोगिताको पहिलो दिन बिहीबार विद्यार्थीहरुले मार्च पास गरेका थिए । प्रतियोगिताको उद्घाटन कार्यक्रमको अवसरमा विद्यार्थीहरुले सांस्कृतिक नृत्यसमेत प्रदर्शन गरेका थिए । उद्घाटन समारोह महाराजगंज नगरपालिका शिक्षा शाखा प्रमुख रेस्मी राज अर्यालको अध्यक्षता, महाराजगंज नगरपालिकाका नगर प्रमुख अब्दुल कलामको प्रमुख आतिथ्यता, उप प्रमुख सुभावति कुर्मी, प्रमुख प्रशासकीय अधिकृत रविन्द्र चौधरी, वडा अध्यक्षहरुलगायतको सहभागिता रहेको थियो ।


## ठाटीकाँध गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

**लकान्द्र, दैलेख**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मिति २०७८/११/२७**

यस कार्यालयको चालु आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्न योजनाहरुको निर्माण सम्बन्धि कार्यका लागि शिलबन्दी बोलपत्र आव्हान गरिएकोमा तपशिल अनुसारको फर्मको बोलपत्र मुल्यांकित सारभुत रुपमा प्रभावकारी देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ ।

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | आशयपत्र दिएको फर्मको नाम ठेगाना | मु.अ.कर र PS बाहेक कबोल गरेको अंक रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | 01-TRM/NCB/TBJS/2078/079 | ठाटीकाँध बाधवन ज्यामि चउर सडक निर्माण योजना | Panta Binita and Bipasa J.V. Birendranagar Surkhet | २५,२०,५७०/०० | |
| २ | 02-TRM/NCB/TBDKS/2078/079 | ठाटीकाँध बिजारे धनकोट काधँ सडक निर्माण योजना | Badimalika, Nirman sewa & Badimalika Suppliers Birendranagar, Surkhet | २१,५५,४१४/४२ | |
| ३ | 03-TRM/NCB/RBS/2078/079 | राँघाजुधे भुवानथान सडक निर्माण योजना | Bhawani Nirman Sewa Thati-kandh Gaupalika 03, Dailekh | २४,५०,५०२/०० | |

**प्रमुख प्रशासकिय अधिकृत**



### सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/११/२७**

यस सा.व.स. बाट संकलित साल गोलिया काठ ५११.१६ क्युफिट र खयर काठ ४७५.२१ क्युफिट (स्यापउड सहित) विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**जितपुर नयाँगाउँ सामुदायिक वन उपभोक्ता समूह, घिरिङ ४, तनहुँ**



### दाइसुकी नेपाल ट्राभल एण्ड टुर्स प्रा.लि.को हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८।११।२७

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि नं ४४६१२/०६३/०६४** (दर्ता मिति २०६३।११।२८) को **दाइसुकी नेपाल ट्राभल एण्ड टुर्स प्रा.लि.** को मिति २०७८।११।२२ मा बसेको विशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुदाँ यस कम्पनीमा कोहि कसैको कुनै बाँकि बक्यौता वा लेनदेन आदी बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफैं वा प्रतिनिधी मार्फत हकदावी गर्ने निम्न लिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा कम्पनी ऐन २०६३ बमोजिम कम्पनीको दर्ता खारेजी भई जाने व्यहोरा जानकारी गराईन्छ ।

**लिक्वीडेटर : कुमार राज जोशी, ईजाजत प्रमाण पत्र नं २१४**
**बुद्धनगर, काठमाडौं, फोन नं ०१४७९३५५५, मोबाईल नं ९८५१०१८२८२**
**ईमेल :** joshikumar@gmail.com



### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/११/१८ मा दर्ता भएको **प्रा.लि. नं. १६४६९७** को **ओ. पि. टि. ए. सर्भिसेस प्रा.लि.** को मिति २०७८/११/२६ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com



### चौतारा इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.को हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८।११।२७

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि नं ५२०९६/०६४/०६५** (दर्ता मिति २०६४।११।२०) को **चौतारा इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.** को मिति २०७८।११।१३ मा बसेको विशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुदाँ यस कम्पनीमा कोहि कसैको कुनै बाँकि बक्यौता वा लेनदेन आदी बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफैं वा प्रतिनिधी मार्फत हकदावी गर्ने निम्न लिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा कम्पनी ऐन २०६३ बमोजिम कम्पनीको दर्ता खारेजी भई जाने व्यहोरा जानकारी गराईन्छ ।

**लिक्वीडेटर : कुमार राज जोशी, ईजाजत प्रमाण पत्र नं २१४**
**बुद्धनगर, काठमाडौं, फोन नं ०१४७९३५५५, मोबाईल नं ९८५१०१८२८२**
**ईमेल :** joshikumar@gmail.com



## माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**इभाङ, इलाम**

**१ नं प्रदेश**

### बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित भएको मिति २०७८ फाल्गुण २७ गते**

यस गाउँपालिकालाई आ.व. २०७८/०७९ मा तपशिल बमोजिमको मालसामान खरीद गर्नु पर्ने भएकाले सम्बन्धित कार्यको लागि ईजाजत प्राप्त, मूल्य अभिवृद्दि करमा दर्ता भएका, ईच्छुक बोलपत्रदाताहरुबाट निम्न शर्तहरूको अधिनमा रही बोलपत्र आह्वान गरिएको छ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र फारम दस्तुर | अनुमानित लागत (VAT सहित) | जमानत रकम | बोलपत्र खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | MRM/NCB/GOODS/2078/79-01 | 3,000/- | 37,50,521.08/- | 1,10,000/- | 2078/12/27 01:00 pm | e-bidding only. | |

**शर्तहरुः**

१. योग्य बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धी कागजातहरू **www.bolpatra.gov.np/egp** मा गएर प्राप्त गर्न सकिने छ । बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरू खरीद बापत ३,०००।-(रू तीन हजार मात्र) पछि फिर्ता नहुने गरि सिटिजन्स बैंक ईन्टरनेसनल, माङसेबुङ शाखामा रहेको गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०६९०१००००००१२०२ मा जम्मा गर्नुपर्ने छ ।

२. ईच्छुक बोलपत्रदाताहरुले २०७८/१२/२७ गते १२:०० बजे भित्र बोलपत्र दाखिला गर्नु पर्नेछ । सो समयावधि भन्दा ढिलो गरि आउने बोलपत्रस्वीकार गरिने छैन । यसरी दर्ता भएका बोलपत्र माथि उल्लेखित समयमा खोलिनेछ ।

३. बोलपत्रदाताले **www.bolpatra.gov.np/egp** मा गएर बोलपत्र फारम **Download** गरि धरौटी खातामा जमानत बापतको रकम जम्मा गरेको भौचर र अन्य आवश्यक सम्पूर्ण कागजात (स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०७७/०७८ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ता तथा नविकरणको प्रतिलिपि) स्क्यान गरि **upload** गर्नु पर्ने छ । जमानत बापतको रकम सिटिजन्स बैंक ईन्टरनेसनल, माङसेबुङ शाखामा रहेको धरौटि खाता नं. ०६९०१०००००२९२०१ मा जम्मा गर्नु पर्ने छ वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट सो बराबरको जमानत पेश गर्नु पर्नेछ र उक्त जमानतको मान्य अवधि १२० दिनको हुनुपर्नेछ ।

४. बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्था बोलपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिनेछ ।

५. कुनै वा सवै बोलपत्र पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहने छ ।

६. रितपुर्वक दर्ता भएका बोलपत्रहरू प्रचलित कानुन बमेजिम तोकिएका बोलपत्रदाताको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तोकिएको दिन बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

८. थप जानकारीका लागि यस कार्यालयमा वा सूचना अधिकारी उपेन्द्र पौडेल मो. नं. ९८५२६८७७७० वा इन्जिनियर अर्जुन घिमिरे, मो. नं. ९८५१२३३२३८ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**चैते धान रोपाईं**

*झापाको गौरादहका किसान चैते धान रोप्दै । तस्बिर : यज्ञराज आङदेम्बे/रासस*

## सार्वजनिक खरिद नियमावलीको ११ औं संशोधन मन्त्रिपरिषदमा

# अब एक निर्माण ठेकेदारलाई बढीमा पाँच ठेक्का

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २६ फागुन ।



प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले सार्वजनिक खरिद नियमावलीलाई ११ औं पटक संशोधन गर्ने भएको छ। बिहिबार बसेको मन्त्रीपरिषद् बैठकले नियमावलीलाई ११ औं पटक संशोधन गर्न लागेको जनाइएको छ । यसभन्दा अगाडि अर्थमन्त्रालयले सार्वजनिक खरिद नियमावलीमा श्रम सहकारी घुसाएपछि नियमावलीको ११ औं संसोधन रोकिएको थियो । तर आज बसेको मन्त्रिपरिषद्को बैठकले सार्वजनिक खरिद नियमावलीको ११ औं संशोधन पारित गर्ने मध्यान्ह स्रोतले बताएको छ । अर्थमन्त्री जनार्दन शर्माले नै बिहिबार बस्ने मन्त्रीपरिषदको बैठकले नियमावली संसोधन गर्ने जानकारी व्यवसायीहरुलाई गराएका थिए । नियमावलीको प्रस्तावित संसोधनमा एउटा निर्माण कम्पनीले एक पटकमा ५ वटाभन्दा बढी ठेक्का लिन नपाउने व्यवस्था शमावेश गरिएको छ ।

अहिलेको अवस्थामा एकजना निर्माण व्यवसायीले नै सयौंको संख्यामा निर्माणका कामहरु होल्ड गरेर बस्ने अवस्था रहेको देखिन्छ । जसले गर्दा समयमा नै निर्माणको काम सम्पन्न हुन नसक्ने र निर्माणको काम नै प्रभावित हुने गरेको छ । एउटै निर्माण व्यवसायीले धेरै ठेक्का होल्ड गर्ने र समयमा काम नगर्ने परिपाटीले गर्दा राज्यको पुँजीगत खर्चमा गति लिन सकेको छैन् । त्यस्तै निर्माणको काम समयमा सम्पन्न नहुँदा सो सँग सम्बन्धित अन्य आयोजनामा पनि प्रभावित हुनुका साथै विकासले समेत गति लिन सकेको छैन् । नियमावली संसोधन भएमा निर्माण क्षेत्रले गति लिने व्यवसायीहरुले अपेक्षा गरेका छन् । 'अब ठूला ठेकेदारले साना-साना ठेक्कापट्टामा आँखा लगाउन पाउँदैनन् । जसले गर्दा निर्माण साइट होल्ड भएर बस्ने तर काम नहुने प्रवृत्ति अन्त्य हुन्छ', एक व्यवसायीले भने । नियमावली संसोधन भएमा निर्माण क्षेत्रमा निश्चित व्यवसायीहरुको एकाधिपत्य समेत अन्त्य हुनुका साथै साना निर्माण व्यवसायीहरुले समेत काम गर्ने अवसर पाउन सक्छन् ।

# एनसेलद्वारा लैनचौर मैदानको पुनर्निर्माण सम्पन्न

**काठमाडौं/मस** - एनसेल आजियाटा लिमिटेडले आफ्नो व्यावसायिक सामाजिक उत्तरदायित्व (सीएसआर) अन्तर्गत काठमाडौंमा लैनचौर मैदानको पुनर्निर्माण सम्पन्न गरेको छ । विभिन्न सुविधाहरुसहित पुनर्निर्माण तथा स्तरोन्नति पश्चात् हालै काठमाडौं महानगरपालिका वडा नं. २६ लाई एक समारोहबीच हस्तान्तरण गरिएको यो मैदान आमनागरिकका लागि खुला गरिएको छ। सो परियोजना पूर्ण रुपमा वडा नं. २६ र स्थानीय समुदायको सहकार्यमा डिजाइन गरी पुनर्निमाण तथा स्तरोन्नत्ति गरिएको हो । नवनिर्मित यस बहुद्देश्यीय लैनचौर मैदान खुला गरिएको अवसरमा गत शनिबार स्थानीय क्लब र एनसेल कर्मचारीबीच मैत्रीपूर्ण फुटबल खेलको पनि आयोजना गरिएको थियो ।



५४ हजार ९२१ वर्गफिट क्षेत्रमा फैलिएको यो मैदानमा ७ 'ए' साइजको मिनी फुटबल मैदान, बास्केटबल कोर्ट, बालबालिकाको खेल्ने क्षेत्र, ५० रूख, हरियाली क्षेत्र, परम्परागत सत्तल, तीन ढुंगेधारा, सार्वजनिक शौचालय, सोलार बत्तीजस्ता सुविधा छन् । स्थानीय समुदाय र वडा नं. २६ को अनुरोधअनुसार एनसेलले यसको निर्माण र मर्मतसम्भारको जिम्मेवारी लिएको थियो। कम्पनीले आगामी २ वर्षसम्मका लागि मर्मतसम्भार गर्नेछ । मैदानमा अन्तर्राष्ट्रियस्तरको एस्ट्रोटर्फ बिच्छाई मिनी फुटबल मैदान बनाइएको छ । वातावरणीय पक्षलाई ध्यानमा राखी आवश्यक सबै प्रक्रिया अपनाएर एस्ट्रोटर्फ लगाइएको छ। टर्फमुनि जमिनका चारैतिर ३ फिट व्यास र १० देखि १५ फिट गहिराइका १३ वटा इनार बनाइएका छन्। वर्षायाममा पानी रिचार्जका लागि सबै इनारमा जम्मा हुँदै बढी पानीमात्र मुख्य निकासमार्फत जाने व्यवस्था गरिएको छ । पानीको निकासका लागि पनि उचित व्यवस्था छ । मैदानको स्तरोन्नतिले समुदायमा तथा वातावरणमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ। एनसेलको सीएसआर अन्तर्गत मैदानको विकास तथा संरक्षणका लागि एनसेल र काठमाडौं महानगरपालिका वडा नं. २६ बीच गत वर्ष सम्झौता भएको थियो ।

# मिर्मिरे लघुवित्तद्वारा गोष्ठी तथा वित्तीय साक्षरता तालिम सम्पन्न

**कटकबहादुर शाह/मध्यान्ह**
अछाम, २६ फागुन



मिर्मिरे लघुबित्त बित्तीय संस्था लि. शाखा कार्यालय चौरपाटी अछामले केन्द्र प्रमुख र उप प्रमुख स्तरीय गोष्ठी र बित्तीय साक्षरता तालिम सम्पन्न गरेको छ। अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा मंगलबार सो कार्यक्रम सम्पन्न भएको संस्थाले जनाएको छ । कार्यक्रममा प्रथम, दित्तिय र तृतिय हुने केन्द्रहरुलाई नगद पुरस्कार, मायाको चिनो र प्रमाणपत्र वितरण गरिएको थियो । साथै उत्कृष्ट महिला उद्यमी, उत्कृष्ट बचतकर्ता, र उत्कृष्ट केन्द्र प्रमुखलाई पनि पुरस्कार, प्रमाणपत्र र मायाको चिनो विरतण गरिएको संस्थाले जनाएको छ। मायाको चिनो, पुरस्कार र प्रमाणपत्र कार्यक्रमका अध्यक्ष कौशी कुँवर, संस्थाका संचालक समिति अध्यक्ष टेकबहादुर बोहरा र समाजसेवी जय बहादुर साउदले गरेका थिए ।

कार्यक्रममा विभिन्न केन्द्रका केन्द्र प्रमुख, उप-प्रमुख, चौरपाटी शाखाका प्रमुख कटकबहादुर शाह, संचालक समितिका अध्यक्ष टेकबहादुर बोहरा, महिला उद्यमी र समाजसेवी जयबहादुर साउदले मन्तव्य राखेका थिए। कार्यक्रममा सबै केन्द्रका केन्द्र प्रमुख र उप प्रमुख स्थानीयवासीको समेत उल्लेखनिय उपस्थिति रहेको थियो ।

# नेप्सेमा उच्च अंकको वृद्धि



**काठमाडौं/मस** - धितोपत्र बजारमा सेयर कारोबारमापक नेप्से परिसूचक बिहिबार धेरै दिनपछि उच्च अंकले उकालो लाग्यो। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ५२ दशमलव ३१ अंकले उकालो लागेर दुई हजार ५ सय ६६ दशमलव ९० मा पुग्यो। यस्तै ठूला कम्पनीको शेयर कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक ६.३४ अंकले उकालो लागेर ४ सय ९३ दशमलव ५३ मा पुगेको छ ।

कूल २ सय २६ कम्पनीको ५६ लाख १० हजार ६ सय ३१ कित्ता सेयर दुई अर्ब ७९ करोड १८ लाख ७२ हजार ९ सय ७० मूल्यमा खरिद बिक्री भए। कारोबार भएका कूल १३ उपसमूहकै सेयर उकालो लागेको छ। नेप्सेका अनुसार बैंकिङ १६ दशमलव ४९, व्यापार ६० दशमलव ५३, होटल तथा पर्यटन ४२ दशमलव ४४, विकास बैंक २ सय २ दशमलव ९१, जलविद्युत् १ दशमलव २४ दशमलव ४२, वित्त १ सय २ दशमलव ७८, निर्जीवन बीमा २ सय ४८ दशमलव १, उत्पादन १ सय २७ दशमलव २, अन्य ० दशमलव ८६, लघुवित्त ९७ दशमलव ४, जीवन बीमा ३ सय ७२ दशमलव ७९, सामूहिक लगानी कोष ० दशमलव २२ र लगानी ३ दशमलव ४१ अंकले उकालो लागेको छ । सेयर कारोबार हुने साताको अन्तिम दिन बजार पूँजीकरण ३६ खर्ब ३७ अर्ब ५३ करोड ९९ लाख ६७ हजार ५ सय २४ बराबर पुगेको छ। कारोबारका आधारमा अपिपावर शीर्षस्थानमा छ ।

# सिटिजन्स र बर्दिया गैंडा क्याम्प होटलबीच सम्झौता




**काठमाडौं/मस** - सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र बर्दिया गैंडा क्याम्प होटलबीच सिटिजन्स बैंकको कार्डबाहकहरूलाई १० प्रतिशत छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ। सो समझदारी पत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरुले बर्दिया गैंडा क्याम्प होटलको सबै सेवा सुविधामा १० प्रतिशत छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

हालसम्म सिटिजन्स बैंकको कार्ड नभएका ग्राहकहरुलाई पनि तत्कालै नयाँ कार्ड उपलब्ध गराउन इन्स्ट्यान्ट कार्डको व्यवस्था पनि गरेको छ । मोबाइल बैकिङ मार्फत खानेपानी, विजुली तथा इन्टरनेटको बिल भुक्तानी, प्रिपेड तथा पोष्टपेड मोबाइल बिल भुक्तानी, कार्डलेस विथड्रल यो सुविधा मार्फत सिटिजन्स बैकका मोबाइल बैंकिङ सुविधा लिएका ग्राहकहरुले बिना कार्ड एटिएमबाट पैसा निकाल्न सक्नेछन् र मुद्दती खाताको आवेदन समेत दिन सक्ने लगायतका व्यवस्था गरेको छ ।

# ग्लोबल र कामनाबीच गैर कोषमा आधारित सेवामा सम्झौता

**काठमाडौं/मस** - ग्लोबल आइएमई बैंक लिमिटेड र कामना सेवा विकास बैंक लिमिटेडबीच कामना सेवा विकास बैंकका गाहकहरुलाई आवश्यक पर्ने गैर कोषमा आधारित बैंकिङ सुविधा उपलब्ध गराउने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । उक्त समझदारी पत्रमा ग्लोबल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र कामना सेवा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले हस्ताक्षर गरेका छन् ।




सम्झौता अनुसार ग्लोबल आइएमई बैंकले कामना सेवा विकास बैंकका ग्राहकहरुलाई गैर कोषमा आधारित एलसी, बैंक ग्यारेण्टी, डकुमेन्ट अगेन्स्ट पेमेन्ट, डकुमेन्ट अगेन्स्ट अक्सेप्टेन्स, ट्रेड ट्रान्जेक्सन बैंकिङ जस्ता सुविधाहरु उपलब्ध गराउनेछ ।

# कर्णाली प्रदेशस्तरीय वित्तीय सम्मेलन सुरु



**सुर्खेत/मस**-कर्णाली प्रदेशस्तरीय पहिलो वित्तीय सम्मेलन तथा सूचना प्रदर्शनी शुरु भएको छ । वीरेन्द्रनगर सुर्खेतमा बिहीबारबाट शुरु भएको सम्मेलन दुई दिनसम्म सञ्चालन हुनेछ । वित्तीय साक्षरताको र्‍याली र सूचनामूलक स्टलको प्रदर्शनीसहित सम्मेलनको शुरुवात भएको हो । मिडिया इन्टरनेसनलको आयोजनामा शुरु भएको सम्मेलनमा कर्णाली प्रदेश सरकार, वीरेन्द्रनगर नगरपालिका, युवा स्वरोजगार कोष, बीमा समिति लगायतको सक्रिय सहभागिता रहेको छ । सम्मेलनमा शेयर बजार, बीमा, बैंक र लुघवित्तका बारेमा सूचनामूलक स्टलहरु अवलोकन गर्न सकिन्छ । सम्मेलनका कार्यक्रम संयोजक माधव निर्दोषले कर्णाली प्रदेशमा वित्तीय साक्षरता अभिवृद्धि गर्ने लक्ष्यसहित सम्मेलनको आयोजना गरिएको जानकारी गराए । उनका अनुसार प्रदेशको विकास, उद्यमशीलता वित्तीय अवस्था तथा डिजिटल तथा सूचना प्रदर्शनीहरु राखिएको छ । विगतमा देशका विभिन्न ठाउँमा संचालन हुँदै आएको उक्त कार्यक्रमलाई विशेषगरी वित्तीय साक्षरता, उद्यमशीलता र डिजिटल अर्थतन्त्र विकासको रुपमा अघि बढाउने लक्ष्य राखिएको छ । मूलतः एउटै छानामुनिबाट कर्णाली प्रदेशको विकास र उद्यमशीलताका लागि कर्णाली प्रदेशका उद्यमी, व्यवसायी, स्थानीय जनप्रतिनिधिहरु, बैंकर, तथा उद्यमशीलतामा लाग्न चाहाने आम व्यक्तिलाई एकै ठाउँमा सहभागि गराई दुईदिनसम्म संचालन हुनेगरी विशेष कार्यक्रम आयोजना गर्नु आवश्यक ठानी यो कार्यक्रम तर्जुमा गरिएको हो।

# भिमसेनगोलामा सेञ्चुरी बैंकको नयाँ शाखा



**काठमाडौं/मस** - सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले आफ्नो सेवा विस्तार गर्ने क्रममा काठमाडौंको भिमसेनगोलामा नयाँ शाखा सञ्चालनमा ल्याएको छ। बैंकका सञ्चालक समिति सदस्य प्रा.डा. गीता प्रधानले बैंकको १२९ औं शाखाको उद्घाटन गरी सेवा शुभारम्भ गरेकी थिइन् । उक्त कार्यक्रममा बैंकका अध्यक्ष राजेशकुमार श्रेष्ठ, सञ्चालक मनबहादुर राई, सुनिल न्यौपाने, कायम मुकायम प्रमुख कार्यकारी अधिकृत मनोज न्यौपानेलगायत बैंक उच्च व्यवस्थापन समूह र स्थानीयबासीहरुको उपस्थिति रहेको थियो ।

भिमसेनगोला शाखा सञ्चालनमा आएपछि उपत्यका भित्र बैंकको शाखा संख्या २६ पुगेको छ । देशमा सुगम तथा दुर्गम क्षेत्रसम्म सेवा विस्तार गर्ने उद्देश्यले बैंकले देशका विभिन्न स्थानहरुमा शाखा, शाखारहित बैंकिङ तथा एक्सटेन्सन काउण्टरहरु सञ्चालनमा ल्याई बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ